www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक

वर्ष १, अंक १३, २०७४ बैशाख १६ गते | April 29, 2017 | रु.१५।-







मुलुकका हरेक क्षेत्र, तहतप्कामा रहेका व्यक्तिहरू राजनीतिकै झण्डामुनी बसेका छन् । स्वतन्त्र भएर बस्नेको लागि यहाँ कुनै ठाउँ रहेको भेटिँदैन । खेलाडी होस् या कलाकार, सरकारी कर्मचारी हुन् या विभिन्न संघसंस्था सबैभित्र राजनीति हावी भएकै हुन्छ ।

पछिल्लो समय कलाकारको प्रयोग वा सदुपयोग, राजनीतिमा धेरै नै भएको पाइन्छ । कुनै पनि राजनीतिक दलले कलाकारलाई स्टेजमा नचढाए अगाडी दलका नेताहरूको भाषण सुनिदिने जनता जनार्दन बटुल्न गाह्रो हुन्छ । उनीहरूले आफ्ना कार्यकर्ताको नाममा कलाकारबाट पनि केही दर्शकलाई आकर्षित गराएका हुन्छन्।कलाकार राजनीतिमा होलटाइमर हुनु र बेला बेलामा हुने कार्यक्रममा बोलाएर बिना पारिश्रमिक ' तिमीलाई मेरो सत्ता आएपछि यो ठाउँमा खाली छ त्यहाँ कन्फर्म' भन्दै फकाउने प्रवृत्ति पनि हावी भएकै हुन्छ । यसरी धेरै कलाकारले राजनीतिक दलको युद्ध नै जिताइदिएका छन् । नजिकिँदै गरेको स्थानीय निकायको चुनावमा पनि कुन पार्टीले कुन कलाकारलाई प्रयोग गर्ने हुन् ? उनीहरूले जित हासिल गरेपछि ती कलाकारलाई सम्मान गर्छन् कि अपमान ? कलाकार राष्ट्रका गहना हुन् भन्ने की विभूति हुन् ? भन्ने राजनीतिक दलले भोली फेरी त्यो कलाकारको अस्तित्व स्वीकार्छन् की स्वीकार्दैनन् ?

विस्तृत पृष्ठ ५ मा




बैंकिङ र शेयरबजारको ऐतिहासिक मेला
बैशाख १५, १६ र १७ गते भृकुटीमण्डप काठमाडौंमा
Banking Expo 2017

- बैंक/वित /बीमा र शेयरसम्बन्धी स्कीमहरु
- बैकिङ कर्जा बारे सुचना
- बैंक/वित /बीमा र शेयर बारे विशेष सेमिनार
- समग्र वितीय अबस्था बुझने एक ऐतिहासिक अवसर

स्टल अवलोकन समय :
१० बजेदेखि ५ बजेसम्म
प्रवेश निशुल्क

आयोजक: Media International
प्रवर्द्धन: नेपाल राष्ट्र बैंक
सहकार्य: prabhu Bank
साझेदारी: Nepal Bankers' Association
बैंकिङ पार्टनर: Global IME Bank, गरिमा विकास बैंक लिमिटेड Garima Bikas Bank Limited, GOODWILL FINANCE LIMITED
सहयोगी: बीमा समिति BEEMA SAMITI, नेपाल धितोपत्र बोर्ड
सपोर्टर: NEPAL INVESTMENT BANK LTD., HBL, Himalayan Bank Ltd., NEPAL CLEARING HOUSE, NIC ASIA, NMB BANK एनएमबि बैंक, मुक्तिनाथ विकास बैंक लि. MUKTINATH BIKAS BANK LTD., Shangri-la Development Bank Ltd., SHINE RESUNGA DEVELOPMENT BANK LTD.

म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Fortnightly Magazine पाक्षिक

## रिलिज कर्नर

### रमेशराजको बेहुला बनाउँछु भन्थी




गायक रमेशराज भट्टराई पछिल्लो समय एकपछि अर्को स्टेज कब्जा गर्ने गीत बोकेर आइरहेका छन् । पहिला पहिला संगीतकारको परिचय बनाउँदै आएका रमेशराज यतिबेला भने गायकको परिचयले चर्चाको शिखरमा रहेका छन् । बबाल भो बबाल भो, फिदा हुन्छु, जब साँझ पर्छ जस्ता गीतहरूले बजारमा चर्चा बटुलिरहेको बेलामा अहिले बेहुला बनाउँछु भन्थी बहुला बनाएर गईले पनि उत्तिकै चर्चा बटुल्ने आश गरिएको छ । आफ्नो जन्मदिनसँगै बजारमा बहुला लिएर आएका रमेशराजले आफ्नै शब्द संगीत र स्वरमा स्रोतालाई कोसेली दिएका हुन् । आरअडियोबाट यूट्यूबममा प्रकाशन गरिएको लिरिकल भिडियोले यतिबेला सबैको मनलाई आकर्षित गरेको छ । त्यसो त यस गीतको कभर सङ गर्ने उत्कृष्टलाई ५१,००० पुरस्कार राशिसमेत घोषणा गरेका छन् । बुहलाको पुरस्कार ५१००० भएपछि अब सज्जनको हालत के होला एकचोटी कभर गरेर हेर्नुस् है ।


### गोविन्दप्रसाद र स्मिताको होल नाइट



गीतकार उपाध्याइको शब्दमा गायिका स्मिताले आत्रमक शैलीमा आफ्नो प्रस्तुति दिएपछि यतिबेला बजारमा होल नाइटको चर्चा बढेको छ । विल्कुलै नौलो पप र न्याप स्टाइलको म्यूजिक भिडियो भएकोले असाध्यै तगडा भिडियो बनेको दाबी गर्छछन् गीतकार उपाध्याय । भिडियोको दृष्यपान गर्ने वित्तिकै दर्शक श्रोताहरू नै जुरूक–जुरूक उफार्ने पाराको भिडियो निर्माण भएको छ, उपाध्यायले भने । आधुनिकता कै झल्को 'होल नाइट डान्स' म्यूजिक भिडियोमा नायिका अशिष्मा नकर्मी र अनु शाहले इमोश्नल प्रस्तुति दिएका छन् । प्रविण श्रेष्ठद्वारा सम्पादित भिडियोमा ज्ञानेन्द्र शर्माको छायांकन रहेको छ भने भिडियोलाई पासाङ योञ्जन लामाले निर्देशन गरेका हुन् ।

### धनको तिम्रो आँखाको तालमा

गायक धन बराइलीको नयाँ गीत सावर्जनिक भएको छ । तिम्रो आखाँको तालमा म डुबी तिम्रो मायाको गाँउ घुम्न मन लाग्यो बोलको सार्वजनिक गीतमा शब्द र संगीत गायक धन बराइलीको रहेको छ ।



सुन्दा सरल र सहज लाग्ने मिठो गितलाइ गायकले द जनीमा समाबेश गरेका छन् । यो सरल र सुन्दर गीतलाइ बहुमुखी प्रतिभाका धनी निर्देशक फराज अर्पणले निर्देशन गरेका छन् भने छायांकन र सम्पादन पनि उनकै रहेको छ । अहिलेकी चर्चित एबम सुन्दर नायिका मरिष्का पोखरेल र प्रमोद भारद्वाजको अभिनय रहेको छ । गित अनुसार र सरल भिडियोले दर्शक मन सजिलै तान्नेमा टिमनै ढुक्क छन् ।

# वियोगान्त गीत लेखनमै सक्रिय गणेश

**म्यूजिकखबर** । नेपाली लोक गीतको क्षेत्रमा परिचित नाम हो गणेश चौलागाई । नव आगन्तुक कलाकारदेखि विशिष्ठ ब्यक्तित्वहरूसँगको निरन्तर सहकार्य गर्दै गीत सङ्गीतमा क्रियाशील छन् उनी । बिशेष गरी वियोगान्त लोक दोहोरी लेखनको बिधामा परिचित रहँदै आएका उनी यतिबेला 'मायाको जालमा फसेको' लिएर आएका छन् । सबै खाले गीत, कबिता, गजल लेखनमा पनि क्रियाशील उनै चर्चित श्रस्टा गणेश चौलागाईको लय सिर्जनामा निकै मन छुने लोकदोहोरी गीत 'हामी दुई मायाको जालमा फसेको' बजारमा आएको छ । गीतकार निरू न्यौपानेको मन छुने शब्द रहेको गीतमा लोकप्रिय गायक बिमल डाँगी र चर्चित लोकदोहोरी गायिका पूर्णकला बि.सि.को आवाज रहेको छ ।

आफ्नो मायालुबाट टाढिएर बस्नु पर्दाको पीडाबाट गीतको सुरूवात गरिएको छ । प्रवासबाटै साङ्गीतिक यात्राको थालनी गरेकी गीतकार निरू न्यौपानेको निकै मन छुने शब्दहरूले भरि पूर्ण यो गीत 'मायाको जालमा फसेको' पनि पहिलो प्रस्तुति 'परदेश' जस्तै लोकप्रिय हुने र दर्सक स्रोताको माया पाउनेमा आफु ढुक्क रहेको गीतकार निरू न्यौपाने बताउँछिन् । नीरू न्यौपाने र अनिल शाही को संयुक्त प्रस्तुती म रहेको यस गीतको म्युजिक भिडियो पनि राम्रो बनेको छ । रूपा कँडेल र सुरज धमलाको अभिनय रहेको यस गीत को म्युजिक भिडियो निर्देशन बब्बु थापाले गरेका हुन् । दिनेश बान्तवाको छायाँनमा तयार पारिएको यस गीतको सम्पादन बिष्णु शर्माले गरेका हुन् । गीतलाई बिन्ध्यबासिनी म्युजिकले बजार ब्यबस्थापन गरेको छ ।

गीतकार गणेश चौलागाईले लय सिर्जना गरेका यसअघिका गीतहरू – आमा, अब साईनो छैन केही पनि, परदेशलगायत लोकप्रिय छन् । लोक तथा दोहोरी गीत सँगै आधुनिक गीत, गजल एल्बम चेतनामुलक गीत गरी करिब पचास बढी सिर्जना प्रकाशन गरिसकेका चौलागाईद्वारा लिपीबद्ध 'आफ्नो भन्न कहिल्यै पाइएन', 'कोइली कराउँदा', 'ए सानु पत्याउ अब त", 'कान्छु तिम्लाई कति माया गर्छु, यो मनको इच्छामा, अब साईनो छैन केही पनि, 'हाम्रो नाता टुट्यो के कारण, 'कहाँ पाउनु इन्टर नेट, म छु यता मुग्लानमा, फाटेको मन सकिन सिउनलाई, 'मेरै भरमा पर्छिन्, 'पागलै बनौला मेरी मायालु, लगायत लोकदोहोरी गीतहरू चर्चित छन् ।

प्राय गरेर यथार्थपरक तर वियोगान्त शब्दहरूमा गीतकार चौलागाईंले कलम चलाएका छन् । सरल र मिठास शब्दमा वेदनाले तरङ्गित गीति लेखनमा सक्रिय रहेका चौलागाईंका गीतहरू मायाप्रे मभित्रै केन्द्रीत रहे पनि समय सान्दर्भिक पनि हुने गरेका छन् ।






# नयाँ वर्षसँगै राजमानको उत्सव




**म्यूजिकखबर** । उदीयमान नव गायक राजमान तामाङले आफ्नो डेब्यु एल्वम 'ऊत्सव' को विमोचनको साईत २०७४ सालको पहिलो दिन कोपनहेगनमा सार्वजनिक गरेका छन । अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (ईनास) को पाँचौं युरोपस्तरीय भेला तथा पाँचौं युरोपस्तरीय एकल नृत्य र दोस्रो गायन प्रतियोगिताको सांगितिक माहौललाई बिमोचनमा प्रयोग गरेका तामाङ स्वयं पनि सो संस्थाका ग्लोबल सदस्य हुन ।

आफ्नो संगीत क्यारियरको पहिलो गीतको को रूपपा आएको पूर्वमा धरान राम्रो वोलको ऊनको गीतले युट्युवमा ऊल्लेख्य दर्शक पाई सकेको छ । लोकपृय गायिका मेलिना राई सँग गाएको गीत 'हल्का हल्का नजर' दर्शक तान्ने निश्चित छ । सुरज सिं ठकुरीको भिडियो निर्देशन र अत्तन्तै चलेकी कलाकार रीमा विश्वकर्माको अभिनय रहेको भिडियो कान्तिपुर टेलिभिजनवाट सार्वजनिक भई सकेको छ ।

६ वटा गीत समेटिएको एल्वममा ३ वटा गीत डेनमार्कनै वस्दै आऊनु भएका कृष्ण पौडेल अन्जान का शव्द छन भने १, १, वटामा मिन गुरूङ, वावुल गिरी र सागर ऊपाध्ययका छन । दिपक शर्माले २ अनि मिन गुरूङले २ वटामा गीतमा संगित भरेका छन भने कल्याण सिंह र वावुल गिरीले १,१ वटा गितमा संगित दिएका छन । राजमान तामाङका अलावा ऊक्त एल्वममा मेलीना राई र योजना पुरीलाई पनि एक एक वटा गीतमा सुन्न सकिने छ ।

आफ्नो पहिलो प्रयासलाई रचनात्मक टिका टिप्पणी, राय, सुझाव र सल्लाह दिन राजमान तामाङले विमोचन कार्यक्रममा सार्वजनिक आव्वान पनि गरे । अथक मेहेनत गरेर नेपाली सांगितिक जगतमा पहिलो कोशेली स्वरूप 'ऊत्सव' लिएर आएका राजमान तामाङको सांगितिक भविश्यमा ऊत्सव ल्याऊन सकोस ।

## सपनासँग कमलको रोमान्स

**म्यूजिकखबर** । पछिल्लो समय निकै ब्यस्त हुँदै आएका मोडल कमल बुढाथोकी सपना पन्तसँग रोमान्स गर्न भ्याएका छन् । केही महिला मोडलहरूसँग रोमान्स गरिसकेका कमल पछिल्लो समय सपनासँग पनि रोमान्स गर्न भ्याएका हुन् ।

'पोखरेली कान्छीले' भन्दै उनी रोमान्समा उत्रीएका थिए । रोमान्समा उनले के गरे ?, कसो गरे ?, के भने ? यी सब उनलाई नै थाहा होला । यहाँ कुरा अलि फरक रहेको छ । कुरा हो एक म्युजिक भिडियोको । कमल परेली फिल्मस् प्रालिको प्रस्तुतीमा रहेको 'पोखरेली कान्छीले' बोलको गीतमा सपनासँग रोमान्स गरेका हुन् ।

'पोखरेली कान्छीले'मा रिदम राईको शब्द तथा सुमधुर संगीत रहेको छ । जसलाई राई स्वयंमले स्वर दिएका छन् । गीतको म्युजिक भिडियोलाई परेली फिल्मस् प्रालिकै निर्माणमा निर्देशक मिलन कार्कीले निर्देशन गरेका छन् । जसमा कमल बुढाथोकी र सपना पन्तको अभिनय तथा रोमान्स रहेको छ ।



गीतलाई सन्तोष ढकालले खिचेका हुन् भने, निर्देशक कार्कीले नै सम्पादन गरेका हुन् । गीतको भिडियो निकै नै राम्रो बनेको र एक पटक हेरिसकेपछि पुनः हेरौं, हेरौं लाग्ने बनेको निर्देशक कार्कीले बताए ।

# आमाको फाउन्डेसनमार्फत् समाजसेवामा कार्की




म्यूजिकखबर ।

माताति्र्थ औंशीका दिन सबैले आफ्नी आमाप्रति विशेष भक्ति, श्रद्धा र सम्मान अर्पण गर्दछन् । आमालाई मन पर्ने भोजन तथा उपहारहरू दिएर आमालाई खुशी पार्ने कोशीष गर्दछन् । आमा नभएकाहरू भने आमाको नाममा श्राद्ध गर्दै अर्थात् विभिन्न पुनित कार्य गर्दै आमाको सम्फना गर्छन् ।

मातातीर्थ औंसीको अवसर पारी गायक बिरही कार्कीले देवघाटमा रहेको देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम) लाई आर्थिक सहयोग गरेका छन् । आश्रमको संरक्षण, सम्बर्द्धन र सम्मानका लागि दैनिक रू १ बाट १ करोड अभियानलाई कार्कीले फूलमाया कार्की फाउण्डेशनका तर्फबाट नगद दशहजार प्रदान गरेका हुन् । देवघाट क्षेत्र विकास समितिले सञ्चालन गरेको आश्रममा ३३ जना असाहृय वृद्धवृद्धा र बेसाहाराहरूले संरक्षण लिदै आएका छन् । कोषमा हालसम्म ९ लाख रकम संकलन भैसकेको छ ।

लोक तथा दोहोरी गायक कार्कीले आश्रममा रहेका वृद्धवृद्धाहरूलाई आफ्ना सांगीतिक प्रस्तुतीहरू सुनाएर केहीबेर नचाएका थिए । सो अवसरमा कार्कीले आश्रममा रहेका वृद्ध आमाहरूलाई मन्जु श्री असाहृय संरक्षण केन्द्रकी अध्यक्ष मन्जु खाँडको सहयोगमा साडी पनि बितरण गरेका थिए । यसैबीच, कार्कीले दिवंगत आमाको स्मृतीमा सञ्चालन गरेको फूलमाया कार्की फाउण्डेशनका तर्फबाट वेसहारा छोरीहरूको संरक्षणको क्षेत्रमा काम गर्दै आएको कुसुम साहारा घरका २ जना वालिकाहरु कक्षा १ देखि १२ सम्म निशुल्क पढाउने घोषणा गरेका छन् । फाउण्डेशनले यस बर्षबाट नै ७



जना बालवालिकाहरूलाई कक्षा १२ सम्म निःशुल्क पढाउने भएको छ । साथै कार्कीले फाउण्डेशनका तर्फबाट साहारा घरका वालबालिकाहरुलाई मातातीर्थ औंसीका दिन बुधवार निःशुल्क खाना खुवाएका छन् ।

फाउण्डेशनका तर्फबाट अहिलेसम्म असाहृय, बेसाहारा ४ जना बालबालिकाहरूलाई निःशुल्क पढाउने काम गरिएको अध्यक्ष कार्कीले जानकारी दिए । गोरखाको पालुङ्टारमा रहेको ठाँटीपोखरी बालज्योती इंग्लिस बोडिङ स्कुलमा अध्ययनरत २ जना बालबालिकाहरूलाई फाउण्डेशनका तर्फबाट कार्कीले निःशुल्क पढाउदै आएका छन् ।

त्यसैगरी मातातीर्थ औंसीकै दिनमा कार्कीले मन्जुश्री असहाय संरक्षण केन्द्रलाई ५ हजार सहयोग गरेका छन् । आश्रममा रहेका छोराछोरीहरू र दिदिबहिनीहरूलाई मिठो भोजनको लागि नगद सहयोग गर्दै आमासम्बन्धी आफ्ना गीतहरू सुनाएर भावुक बनाएका थिए ।

कलाकारीता पेशा मात्रै गर्नु कलाकारको काम नभई कलाकारहरूले समाज सेवामा अगुवाई गरे अन्य नागरिकहरूलाई पनि त्यसले प्रभाव पर्ने र सकारात्मक र सहयोगी समाज निर्माणमा सहयोग पुग्ने कार्कीले बताए । फाउण्डेशनले यसभन्दा अघि भरतपुर अस्पतालमा उपचार गराएकी सुस्त मनस्थिती भएकी बालिका शोभा श्रेष्ठ, क्यान्सर रोगबाट पिडीत काभ्रेका रामकुमार लामा, फोक्सो सम्बन्धि रोगबाट पीडित बनेर उपचार गराइरहेका लोक तथा दोहारी गायक सागर बोहोरा, दुबै खुट्टा नभएका धरानका मिनबहादुर तामाङ, साउदीमा मृत्युदण्डको सजाय सुनाइएका काभ्रेका रामचन्द्र तिमिल्सिना, लाई आर्थिक सहयोग गरेको छ । साथै संस्थाले लोक तथा दोहोरी गीत प्रतिष्ठानको भवन निर्माण, मनकामना मन्दिरको जीर्णोद्धारमा आर्थिक सहयोग गरेको अध्यक्ष बिरही कार्कीले जानकारी दिए । फाउण्डेशनमा हालसम्म स्वदेश र बिदेशमा गरी ५५ जना आजिवन सदस्य छन् ।

## नाइँ मलाई थाहा छैनको भिडियो प्रतिस्पर्धा जिते चौधरी दाजुभाइले

म्यूजिकखबर । बाबा एजुकेशन कन्सल्टेन्सी सिडनी, अष्ट्रेलिया र काठमाण्डुको प्रायोजनमा भएको 'नाईं मलाई थाहा छैन' अन्तर्राष्ट्रिय नृत्य प्रतियोगिताको १० वटा उत्कृष्ट भिडियो सार्वजनिक भइसकेको छ । १ जनवरी २०१७ देखि ३१ मार्च २०१७ सम्ममा देश तथा विदेशमा रहेका नेपालीहरूबाट प्राप्त ४० वटा भिडियो मध्ये उत्कृष्ट १० वटा भिडियो बैशाख ६ गते, बुधवार गायक सन्जिब पराजुलीको युट्युब च्यानलबाट सार्वजनिक भएको हो ।

गायक सन्जिब पराजुली र गायिका टीका प्रसाईंको आवाजमा रहेको 'नाईं मलाई थाहा छैन' ओरिजनल भर्सनको गीतमा आयोजित अन्तर्राष्ट्रिय नृत्य प्रतियोगिताको बिजेता घोषणा गरिसकिएको छ । प्रतियोगितामा समावेश भएका ४० वटा भिडियोहरूमध्ये प्रतियोगी नं २८ का आयुष चौधरी र अभय




चौधरी दाजुभाईको नृत्य भिडियो सर्वोत्कृष्ट भएको हो ।

यसका साथै यसै प्रतियोगिताका अर्का प्रतिस्पर्धी नागी डान्स सेन्टर इटहरी 'प्रतियोगी नं १५' को नृत्य भिडियोलाई, ' नाईं मलाई थाहा छैन' ओरिजनल भर्सन गीतको औपचारिक म्युजिक भिडियोद्वारा सम्मान गरिएको कुरा हामीलाई आयोजकले जानकारी गराए ।

बिजेताहरूलाई यहि महिनाको १६ गते काठमाडौमा कार्यक्रम गरी सम्मान तथा पुरस्कार वितरण गरिने आयोजकले जनाएको छ । सोहि सम्मान तथा पुरस्कार वितरण समारोहमा गायक पराजुलीको आधुनिक गीति संग्रह 'सुनय'लाई पनि सार्वजनिक गरिने भएको छ । देश तथा विदेशबाट प्राप्त भएका भिडियोहरूको मूल्यांकन ३ जना जजहरू भुपेन्द्र चुडाल (अस्ट्रेलिया), उषा किरण बारिया पोखरेल (अस्ट्रेलिया) र सुरेन्द्र बसेल (काठमाडौं) ले भिन्ना-भिन्नै स्थानबाट निर्णय गरेका थिए ।

## प्रतिष्ठानलाई पूजाको सहयोग

म्यूजिकखबर । गीतकार पूजा मारियाले इटहरीमा रहेको संगीत साधना प्रतिष्ठानलाई आफ्ना पछिल्लो दुई एल्बम जीवन साथी र परदेशीको यादमा बिक्रीबाट आएको रू दश हजार रूपैयाँ हस्तान्तरण गरेकी छन् । पूर्वमा रहेर गीतसंगीतमा क्रियाशील रहँदै आएकी पूजा मारिया राजधानी र पूर्वलाई जोड्ने एक सफल गीतकारका रूपमा परिचित छिन् ।



केही समय पहिला सार्वजनिक भएको आधुनिक गीतिसंग्रह जीवन साथी र लोकदोहोरी एल्बम परदेशीको यादमा सार्वजनिक भएपछि बिक्री भएको रकमबाट संगीत साधना प्रतिष्ठानलाई सहयोग गरेकी हुन् । संगीत साधना प्रतिष्ठानको सहयोगार्थ विमोचन गरिएको उक्त एल्बमबाट आएको दश हजार प्रतिष्ठानका राजु केसीको हातमा हस्तान्तरण गरेकी हुन् । 'संगीत प्रतिष्ठान निर्माण, एक ईंटा अभियान' नारासहित अगाडि बढेको उक्त प्रतिष्ठानले संगीत विद्यालयको निर्माण गर्ने योजनामा जुटिरहेको छ ।

# कल्याणकारी कोषमा सिटिजन्सको ३ लाख




म्यूजिकखबर । संगीतकार संघ नेपालको कल्याणकारी कोषमा सिटिजन्स बैंकले आज ३ लाख रूपैयाँ प्रदान गरेको छ । बैंकको दशौं वार्षिकोत्सवको अवसरमा आफ्नै कार्यालय नारायणहिटीपथमा आयोजना गरेको कार्यक्रमका अवसरमा उक्त सहयोग प्रदान गरिएको हो । बैंकका अध्यक्ष डा.शंकरप्रसाद शर्मा, कार्यकारी प्रमुख राजन भण्डारीले संगीतकार संघका अध्यक्ष लक्ष्मण शेषको हातमा चेक हस्तान्तरण गरेका थिए ।

सहयोग प्राप्त गरेपछि कार्यक्रममा बोल्दै संघका अध्यक्ष शेषले सिटिजन्स बैंकलाई संगीतकर्मीहरूले शिरमा राखेर हिंड्ने बताएका थिए । अहिलेसम्म बैंकिङ क्षेत्रबाट संगीतकर्मीहरुसँग सहकार्य गर्ने पहिलो बैंकका रूपमा सिटिजन्सले सहयोगी हातहरू अगाडि बढाएको धन्यवाद दिँदै शेषले सम्पूर्ण संगीत क्षेत्रमा आइपरेको समस्यामा बैंकले सदैव यसरी नै सहयोगको हात फैलाउने आशा व्यक्त गरेका थिए ।

दशौं वार्षिकोत्सवको अवसरमा बैंकले सामाजिक क्षेत्रमा आफ्नो आम्दानीको १ प्रतिशत प्रदान गर्ने निर्णय अनुरूप विभिन्न सामाजिक संघसंस्था, विद्यालय, पुस्तकालय, पिछडिएको क्षेत्रलगायतका सामाजिक क्षेत्रमा सहयोग प्रदान गरेको थियो । सोही अवसरमा बैंककै हाताभित्र रक्तदान कार्यक्रमको पनि आयोजना गरेको थियो ।

बैंकको गत चैत मसान्तसम्म रू. ५ अर्ब ५३ करोड पुऱ्याएको र चुक्ता पूँजी रू. ६ अर्ब ९२ करोड पुग्ने र आगामी आषाढ मसान्तसम्मा चालु आर्थिक वर्षको मुनाफाबाट आवश्यक वोनस सेयर बितरण गरी बैंकको चुक्ता पूँजी न्यूनतम् रू.८ अर्ब पुऱ्याउने बताइएको छ । बैंकले नेपालभर ५८ वटा शाखामार्फत् अत्याधुनिक बैंकिङ सेवा संचालन गर्दै आएको छ ।

नेपाल माइक्रो कम्पनी प्रा.लि.
टिकट काउन्टर
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्कः ४३८७१६३, ९८४१३१०३१५

काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

**सल्लाहकार**
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

**प्रकाशक/सम्पादक**
सविता पोखरेल

**प्रधान सम्पादक**
सुमन पण्डित

**निर्देशक**
मिलन मोक्तान

**सम्वाददाता**
राधिका अधिकारी
दिनेश थापा

**व्यवस्थापक**
अविनाश लम्साल

**तस्वीर**
नवीनबाबु गुरुङ
देवराज आचार्य

**कार्यालयः**
पुतलीसडक, काठमाडौं ।
फोनः ०१–४०१०५४५,
musickhabar.com@gmail.com

**मुद्रणः**
गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं

# सम्पादकीय

## राजनीतिमा कलाकारको स्थान र अस्तित्व

मुलुकमा यतिबेला चुनावी सरगर्मी बढेको छ । लामो समयपछि हुन लागेको स्थानीय निकायको चुनावले सम्पूर्ण क्षेत्रमा हलचल मच्चाइरहेको छ । मूलधारमा राजनीति गर्नेहरू यतिबेला को मेयर बन्ने, को वडा अध्यक्ष बन्ने भन्ने दौडमा लागिरहेका छन् । यसको प्रत्यक्ष असर मुलुकका विभिन्न तहतप्का, कलाकार, कर्मचारी सबैमा परेको छ । अझ कलाकार त राजनीतिक पृष्ठभूमिबाट आफ्नो कला प्रस्तुत गर्ने वा पारिश्रमिक लिएर विभिन्न राजनीतिक दलको चुनावी सभाहरूमा प्रस्तुति दिने काममा सक्रिय रहँदै आएका छन् । कतिले खुलेरै राजनीति गरेका छन् भने कतिले आफू सबै पार्टीको भन्दै स्वतन्त्र हिंडेका छन् ।

राजनीति गर्नु नराम्रो होइन तर राजनीतिको घेराभित्र कलाकारको मर्मलाई मार्नु असंवैधानिक हो । कुनै पनि राजनीतिक दलले चुनावी सभा गर्ने बेलामा मात्र कलाकारलाई प्रयोग गर्ने, झुठा आश्वसनमा भुलाउने, पारिश्रमिक बिना कला प्रस्तुत गर्ने गरेको इतिहास हाम्रो सामु छ । खुलेरै राजनीति गर्नेले त जसरी प्रस्तुत हुँदा पनि हुन्छ तर जीविकोपार्जनका रूपमा कलाकारिता लिएर हिंडेकाको लागि भने राजनीतिक दलले कलाकारको दुरूपयोग गरेका हुन् भन्ने प्रष्ट हुन्छ । कुनै पनि सभामा कलाकारको प्रस्तुति देखाएर जनता जनार्दन बटुल्ने काम हुन्छ भने उसको त्यो क्षमता, प्रतिभाको कदर हुनु जरूरी छ । राज्यको मूल कानून बनाउनमा राजनीतिक दलहरू लागेका हुन्छन् तर कलाकारिताको कानून, कला क्षेत्रको व्यवस्थापनमा पनि ध्यान दिनुपर्छ भन्ने कहिल्यै बुझेको अवस्था छैन । कलाकारलाई प्रयोग गर्नेबेला भन्दा अन्य बेला उनीहरूले कलाकार भनेका मनोरञ्जनका साधन मात्र हुन् भन्ने बुझेका हुन्छन् । यो राजनीतिकर्मीको अबुझपन हो । तर अरूले प्रयोग गर्दा हेरिरहने र आफ्नो अस्तित्व संकटमा पारिरहने कलाकारको पनि कमजोरी हो ।

खुलेर राजनीति गर्ने कलाकारहरूले अब कला क्षेत्रको प्रतिनिधित्व गरेर यो क्षेत्रको नियमन र व्यवस्थापनमा ध्यान दिनेछन् भन्ने आशा लिनु स्वभाविक हो । अहिले कला क्षेत्रबाट राजनीति गर्ने कोमल वली, रेखा थापा, बद्री पंगेनी, भुवन केसी, नीर शाह, नन्दकृष्ण जोशी, राधिका हमाल, वीरबल ढकाल, चेतन सापकोटा लगायतका दर्जनौं कलाकारहरूले अबको कलाकारको स्थान कहाँ हुनुपर्छ, कलाकारको दायित्व के हो, अस्तित्व बचाउनका लागि के गर्नुपर्छ भन्ने अवधारणा सार्वजनिक गर्न जरूरी छ । कलाको पृष्ठभूमिबाट राजनीतिमा होमिँदै गर्दा जन्मिदिने घर भत्किरहँदा चुप लाग्नु हुन्न बरू नयाँ निर्माणमा लाग्नुपर्छ भन्ने सोच आउनु जरूरी छ । कुनै पनि देशलाई बिगार्नु छ भने पहिला कलासंस्कृतिमा आक्रमण गरे पुग्छ । हो, हाम्रो कलासंस्कृति बिगार्नका लागि विदेशी च्यानलहरूले आफ्नो बर्चश्व फैलाइरहेका छन् । पछिल्लो समय हिन्दी भाषालाई राष्ट्रभाषा बनाउनुपर्छ भनिरहँदा कलासंस्कृतिबाट आक्रमण भइसकेपछिको आँटलाई प्रक्षेपण गरिएको यथार्थ हो । त्यसैले आफ्नो देशको कलासंस्कृतिलाई बचाउनका लागि र यही क्षेत्रबाट जीविकोपार्जन गर्न सक्षम बनाउनका लागि पनि राजनीतिकर्मीले भोलिका दिनमा नयाँ एजेन्डा लिएर अगाडि बढ्नु जरूरी छ । कलाकारले पनि मुलुकलाई दिनुपर्छ र मुलुकले पनि कलाकार बचाउनु पर्छ भन्ने अवधारणा निर्माण हुनु आजको आवश्यकता हो ।

# एक अब्बल गायक अरूण थापा



टीका भण्डारी

*जती माया लाए पनि जति कशम खाए पनि*
*निष्ठुरीले बाटो लाग्दा आँखा तरी गए पनि*
*मनमा पिर त पर्ने नै भयो यो मन त्यसै मर्ने नै भयो."*

गायक अरूण थापाको स्वरमा सजिएको यो गीत सायदै नसुन्ने श्रोता कोही होला । उनका कालजयी गीतहरूमा भुँलुं भुँलुं लाग्यो मलाई, चोट के हो ब्यथा के हो, म रोए पनि तिमी हाँसी दिनु, ऋतुहरूमा तिमी जस्ता धेरै छन् । नेपाली संगीतका लिजेण्ड अरूण थापाका चर्चित अन्य गीतहरूमा आखाको निद खोसी लाने, जिन्दगी के छ र आखिर, दोष कसैलाई दिन चाहन्न, नपोखिने नाजोखिने, यो मनको के भर हुन्छ, तिमी हेर्छौ भने, अरूसंग नजोख मलाई, मेरो हात न बाँध आदि महत्वपुर्ण छन् । यीमध्ये ऋतुहरूमा तिमी बिबिसि वर्ल्ड सर्भिसको दस उत्कृष्ट गीतहरूको सूचिमा परेको गीत हो । अरूण थापाको जन्म भारतको कलकत्तामा भएको हो तर ३ महिनाको हुँदादेखि उनी नेपालमै रहेर आफ्नो जीवन बिताउँदै आए । अरूण थापा नेपाली सांगीतिक जगतका एक पृथक आवाज भएका गायक हुन् जसका गीतहरू नेपाली संगीत प्रेमीहरूमाझ निकै गहिरो गरी भिजेका छन् ।

अरूणको बाल्यकाल निकै रमाईलो वातावरण बित्यो । वि.स. २००९ साल माघ ११ गते बाबु गज्जुप्रसाद थापामगर र आमा शान्ति थापा मगरको पहिलो सन्तानको रूपमा भारतको कलकत्तास्थित नेपाली महावाणिज्य दूतावासमा अरूणको जन्म भएको थियो । दुई दाजु र एक बहिनीकी दाजु अरूणको प्रारम्भिक शिक्षा जे.पी. हाइस्कुल ठमेलबाट सुरू भएको थियो । त्यसपछि जुद्धोदय क्षेत्रपाटीमा पढे । हाइस्कुल दार्जिलिङमा पनि पढे । पढाईको क्रममा फेरी एसएलसी काठमाडौँबाट दिए । आइए पढ्न यिनी पोखरा गए, पृथ्वीनारायण क्याम्पसमा भर्ना भए तर संगीतले गर्दा पढाई पुरा हुन पाएन । उनी जेपी हाईस्कुल अर्थात् जुद्धोदय पब्लिक हाईस्कुल क्षेत्रपाटीमा पढ्दा ज्यादै चन्चले स्वभावका थिए । स्कुलमा सर गुरूआमाहरूको प्रिय भएर पनि हैरान पार्ने खालका थिए उनी । स्कुलका कार्यक्रमहरूमा गीत गाउन भनेपछि अगाडी हुन्थे यिनी । तर चकचके र छुक्छुककक स्वभावका भएका कारण बुवा आमाले उनलाई घरबाट टाढै राख्ने निधो गरेर पढाईको शिलशिलामा दार्जिलिङ पुऱ्याए । त्यहाँ उनी ट्रन्बुल हाईस्कुलमा पढ्न थाले ।

तर उनको ध्यान पढाईमा भन्दा संगीतमा बढी थियो । राम्ररी पढ्न सकेनन । आल्लारे केटो पढ्दा पढ्दै एउटी युवतीसंग माया जालमा परेर भागेर नेपाल नै आए । यसबेला उनले जीवनमा नपाएको दुःख पाए जुन उनको जीवनका नबिर्सने क्षण हुन । बि.स. २०२७ सालतिर यिनी नेपाल बैंकको जागिरे पनि भए तर जागिर उनलाई फापेन । यो अरूको कारणले नभई नितान्त उनकै निजि कारणले थियो । जागिर खाएर जीवन बन्दैन भन्ने सोचमा पुगेर छंदा खाँदाको जागिर छोडी हिंडे गीत गाउन । त्यतिमात्रै होईन यिनले गीत गाउन नै निम्ति पढाई पनि माया मारे । पढाई छोडेको ४ बर्ष पछि यिनले जागिर छोडेका हुन् ।

आफै भन्थे जिन्दगी दोधारे रैछ यो गर्दा पनि त्यो गर्दा पनि नहुने । केहि बर्ष यस्तै दोधारमा नै जिन्दगी नै बित्यो उनको । उनी वास्तवमा स्वतन्त्रता चाहने मान्छे हुन् । उनको विचार फरक थियो । उनी भन्ने गर्थे जागिरले, पढाईले मानिसलाई नराम्ररी बाँध्छ, नउक्सिने गरि गाँज्छ । स्वतन्त्र बाँच्न चाहने उनी, जहाँ कसैको अधिन नहोस, कसैको बन्देज र अंकुस नि नहोस । यी सबै चिज केवल संगीतका लागि थिए उनका । खासमा संगीतको गहिरो नशा परेको थ्यो उनीमा । यसले गर्दा एकान्तप्रिय बन्दै गएका थिए उनी । कतिपय उनलाई संगीतमा भुत चढेको पनि भन्थे ।

बि. स. २०३५ सालतिर रेडियो नेपालबाट यिनले स्वर परीक्षा उत्तीर्ण गरेर पहिलो गीत 'कतै टाढा तिमीबाट पुगें भने' गाए तर खासै उपलब्धिमुलक बनेन यो गीत । त्यसको ठिक ५ महिना पछि उनले २०३६ सालमा 'भुलूं भुलुँ लाग्यो मलाई सपनीमा मिठो लाग्दैन बिपनी' गीत रेकर्ड गरे जुन गीतले यिनलाई एक्कासी नै चरम चुलिमै पुऱ्यायो । यिनका शुभचिन्तकहरू बढ्न थाले, संगीतप्रेमीहरू यिनीसंग झुम्मिन थाले । रेडियो नेपालमा यिनका गीतमा श्रोता अनुरोधको बहाव नै आउन थाल्यो । यहि गीतबाट उनले आधुनिक संगीतमा फड्को मारे, उनको क्यारियर जम्न थाल्यो नेपाली संगीतमा ।

सांगीतिक यात्राकाक्रममा नै गहिरो मित्रता छिचोल्दै उनको जीवनमा पप किङ् ओमबिक्रम बिष्ट मितज्यु बनेर आए । रमाइलो रमाइलैमा नै यी दुईले मन्दिरमा गएर टाउको ठोक्काएरै मित लगाए । दुवै संगीतका अनुरागी, दुवै संगीतमा हेलिएर लाग्न थाले । संगसंगै सांगीतिक उठबस हुन थाल्यो । एक अर्काको घरमा गएर सुत्ने बस्ने समेत गर्थे यी दुई मित्र । गीत गाएर दिन दिन काट्ने गर्दथे । यिनी त्यसबेला देखिनै मार्मिक प्रकृतिका गीतहरू गाउन रूचाउँथे । दुःखी मनका गीतहरू आफुलाई सुहाएको र फिलिङ्स आएको अनुभुती गर्थे । बुवा गज्जुप्रसादले यिनलाई पढाई गुनाइमा अब्बल बनाउन खोजेका थिए तर त्यो सम्भव भएन संगीतकै नशाले ।

ज्यादै थोरै गीत गाएर यति ठुलो उचाइ चुम्ने उनी नै नेपालका पहिला गायक हुन् जसले ३० बर्षको सांगीतिक अन्तरालमा जम्मा ५१ वटा मात्र गीत रेडियो नेपालमा रेकर्ड गरेका छन् र जम्मा २ वटा मात्र सांगीतिक एल्बम प्रकाशित गरेका छन् । यी दुई एल्बमहरू 'अरूण' र 'बेस्ट अफ् अरूण' हुन् । ति दुवै एल्बमले नेपाली संगीत प्रेमीहरूमाझ निकै नै लोकप्रियता प्राप्त गर्न सफल रह्यो ।

अरूण थापाका कतिपय स्टेज कार्यक्रमहरूमा यस पंतिकारले गितार बादनमा साथ दिएका छन् । उनीसँग निकै राम्रो आत्मिय सम्बन्ध थ्यो । हाल युटुबमा रहेका उनका सबै चर्चित गीति भिडियोहरूमा पङ्तिकारले नै उनलाई लिड तथा रिदम गितारमा साथ दिएका छन् । जुन गीति भिडियोहरू अहिलेका पुस्ताले लाखौंको संख्यामा हेरेको देखिन्छ युटुबमा । जति माया लाए पनि, भुलुँ भुँलुँ लाग्यो मलाई, ऋतुहरूमा तिमी आदि । उनी समुहमा सबैलाई खुशी बनाएर आफु पनि खुशी बन्ने गर्दथे । पैसामा उनी लालची थिएनन् । आफ्नो पैसा खर्च गरेर भएपनि आफ्ना समुहका बाद्यकलाकारहरूलाई सन्तुष्ट राख्दथे । यद्यपि उनी कहिल्यै आर्थिक रूपमा सम्पन्न हुन सकेनन्, उनको मन थियो । आफ्ना दुख सुखका कुराहरू आफ्नो संगीत समूहका साथीभाई बिच पनि सुनाउने गर्थे । उनका गीत रेकर्डमा पंतिकारले केहि गीतमा मेन्डोलिन बाद्ययन्त्रमा पनि साथ् दिएका छन् रेडियो नेपालमा । कति खुशीका पल अनि अफसोचमा आँशु खसालेका दृश्यहरू पनि मैले देखेका छन् ।

नेपाली संगीतका मर्मस्पर्शी गायक अरूण थापाको निधन अल्पायुमै भयो । केहि वर्ष यिनी नराम्ररी थलिए रोगका कारण । गीत संगीतको यात्रा अवरूद्ध बन्यो । रोगले नराम्ररी गाँजे पछि साथीभाईहरू समेत निकै टाढिए यिनको जीवनबाट । कहिलेकाहीं यस्तो जर्जर अवस्थामा पनि अरूण रेडियो नेपाल आइपुग्थे टुप्लुक्क । तर उनीसँग कोहि पनि नजिक गएर बोल्न चाहँदैन थे । उनको शरीरबाट एक किसिमको अनौठो गन्ध आउन थालिसकेको थियो । तर पनि अतित सम्झिँदै उनी सकी नसकी ढलपल गर्दै रेडियो नेपालको स्टुडियोसम्म आइपुग्थे । केहीबेर त्यहिँ टोलाउँथे, विस्मृतिमा हराउँथे । केहि दुःख सुखका कुराहरू गर्थे, केहिछिन् मन बहलाउदै उनी घर फर्किन्थे ।

उनी जिन्दगीबाट हरेस खाँदै गएका थिए । तर पनि हामीसंग ठट्टा गर्न छोड्दैनथे । कहिलेकाहीं भन्थे – म मरें भने तिमीहरूले अरूण थापा मऱ्यो भनेर मेरो गीत रेडियोबाट बजाउँदैनौ होला त्यसो गऱ्यौ भने म माथिबाट तिमीहरूलाई पनि लिन आउँछु नि फेरी, हँसाउँथे । उनको फोक्सो र लिबरमा खराबी थियो । जसको कारण गीत गाउन नसक्ने भएका थिए पछिल्लो समयमा । बि. स. २०५६ साल श्रावन ५ गते (२२ जुलाई १९९९ ) यिनले संसारबाट सदाका लागि बिदा लिए । हो उनले जिस्किएर भनेका थिए – म मरें रेडियो नेपालले मेरो गीत बजाउँदैन होला भनेर तर यथार्थमा उनका गीतहरू रेडियो नेपालमा सर्बाधिक लोकप्रिय गायकको सुचिमा छन्, श्रोताको अपूर्ब रोजाईमा छन्, आम सञ्चारको व्यापक सञ्जालमा समेत उनका गीत सुन्ने हरूको आज पनि कुनै कमी छैन ।

उनी कालजयी छन्, अमर छन्, अजर छन् । संगीतका लागि उनले जागिर छोडे, पढाई छोडे, जीवनको उत्तरार्द्धमा उनले धेरै साथीभाइ गुमाए, परिवारबाट पनि सोचे जस्तो माया पाउन सकेनन् तर एउटा ध्रुवसत्य के हो भने उनले नेपाली गायनमा धेरैलाई पछाडी पारे । एक अब्बल गायकका रूपमा आफुलाई स्थापित गरेरै छोडे । उनले सयौं गीतहरू गाएनन् न दर्जनौं एल्बमहरू नै प्रकाशित गरे । गरे त केवल थोरै स्तरीय गीतहरू, धेरै जसो आफ्नै संगीतमा उमारे प्रितहरू । एउटा अत्यन्तै उज्ज्वल नक्षत्र सदाका लागि भौतिक रूपमा नेपाली सांगीतिक आकसबाट सदाका लागि अस्तायो तर उनका हृदयश्पर्शी स्वरहरू गुन्जिनै रहेका छन् । एकरफ्तारमा, नेपाली संगीत प्रेमीहरूको मन मुटुमा अमेट बनेका छन् उनका स्वरहरू ।



उनी जिन्दगीबाट हरेस खाँदै गएका थिए । तर पनि हामीसंग ठट्टा गर्न छोड्दैनथे । कहिलेकाहीं भन्थे – म मरें भने तिमीहरूले अरूण थापा मऱ्यो भनेर मेरो गीत रेडियोबाट बजाउँदैनौ होला त्यसो गऱ्यौ भने म माथिबाट तिमीहरूलाई पनि लिन आउँछु नि फेरी, हँसाउँथे ।

उनका बाल्यकालका अनन्य मित्र सरूभक्त भन्छन – "अरूण विशुद्ध गायक नै बन्न जन्मिएका थिए । अरू कुरामा भने उनी व्यावहारिक थिएनन् । उनलाई गिटार बोकेर हिंड्न पाए पुग्थ्यो । हातमा सधैं गिटार हुन्थ्यो । फुक्काफाल खालको भए पनि उनको स्वभाव गम्भीर थियो । हल्काफुल्का कुरा गरेर हिंड्ने खालको थिएन । शिष्ट, संयमित र सरल थिए । बोली वचन पनि मीठो थियो । उनको खुबी चाहिं के थियो भने, बेलामौकामा साथीभाइको जमघट भएको बेलामा जोक भनेर हँसाउन सिपालु थिए । पोखरामा हुँदा हामीबीच चौबीसै घण्टा जस्तो गीतसंगीतको बारेमा कुरा हुन्थ्यो । कहिले आधा रातसम्म गफ गरेर बसिन्थ्यो । कहिले सँगै पनि सुतिन्थ्यो । धेरैजसो साथीभाइहरूको घरमा जमघट हुन्थ्यो । यदाकदा महेन्द्रपुल र बगरको होटलमा पनि भेट्थ्यौं । भेट भएपछि सधैं त्यही संगीतकै कुरा हुन्थे । अरूणमा साहित्यप्रति पनि चाख थियो । सांस्कृतिक परिवारमा हुने संगीत बाहेकका कार्यक्रममा पनि सहभागी हुन्थे ।"

विनोद गौचनले लेखेको अरूणको सर्वाधिक चर्चित गीत 'जति माया लाए पनि' कम्पोज गर्दा म पनि सँगै थिएँ । बगर चौकमा विनोदको घरको दोस्रो तलामा अरूणले यो गीत कम्पोज गरेका हुन् । अरूणले राति एक बजेसम्म गिटार खेलाउँदै त्यो गीतको रफ ट्युनिङ तयार पारेका थिए ।

कालजयी गीतका गायक अरूण थापाले धर्ती छाडेको आज १८ वर्ष भइसकेको छ । भनिन्छ अरूण थापा मुटु रेटेर गीत गाउँथे । त्यसैले उनका गीत आज पनि उत्तिकै कर्णप्रिय छन् । चर्चित हुन धेरै होइन, राम्रा सिर्जना दिए पुग्छ भन्ने गतिलो प्रमाण हुन् अरूण थापा । उनलाई पोखराले चर्चाको शिखरमा पुऱ्यायो । र, पोखराले नै कहिल्यै नभुल्ने चोटहरू दियो । दुर्व्यसनका कारण अरूण असामयिक रूपमा सबैलाई छोडेर गए । बिस २००९ माघ ११ गते कलकत्तामा जन्मिएका उनी ०५६ साउन ५ गते काठमाडौंमा सदाका लागि बिश्राम लिए ।

लेखकः गायक, संगीतकार एवं रेडियो नेपालका उपनिर्देशक हुनुहुन्छ ।

# कुन कलाकार कसका ?

> स्थानीय निकायको चुनावमा अब कति कलाकारले कुन राजनीतिक दलको आश्वसन पाउने हुन्, पारिश्रमिकको त कुरै छैन ठूलो पदको लोभ देखाएर चुनावी माहौल तताउन कलाकारको प्रयोग र सदुपयोग पक्कै हुन्छ । चुनाव जितेपछि उनीहरूलाई राजनीतिक दलले कुन स्थान दिएर सम्मान गर्छ या अपमान ? कलाकार राष्ट्रका गहना हुन् भन्ने की विभूति हुन् भन्ने ?

**म्यूजिकखबर डेक्स**

मुलुकका हरेक क्षेत्र, तहतप्कामा रहेका व्यक्तिहरू राजनीतिकै झण्डामुनी बसेका छन् । स्वतन्त्र भएर बस्नेको लागि यहाँ कुनै ठाउँ रहेको भेटिँदैन । खेलाडी होस् या कलाकार, सरकारी कर्मचारी हुन् या विभिन्न संघसंस्था सबैभित्र राजनीति हावी भएकै हुन्छ ।

पछिल्लो समय कलाकारको प्रयोग वा सदुपयोग, राजनीतिमा धेरै नै भएको पाइन्छ । कुनै पनि राजनीतिक दलले कलाकारलाई स्टेजमा नचढाए अगाडी दलका नेताहरूको भाषण सुनिदिने जनता जनार्दन बटुल्न गाह्रो हुन्छ । उनीहरूले आफ्ना कार्यकर्ताको नाममा कलाकारबाट पनि केही दर्शकलाई आकर्षित गराएका हुन्छन् । कलाकार राजनीतिमा होलटाइमर हुनु र बेला बेलामा हुने कार्यक्रममा बोलाएर बिना पारिश्रमिक तिमीलाई मेरो सत्ता आएपछि यो ठाउँमा खाली छ त्यहाँ कन्फर्म भन्दै फकाउने प्रवृत्ति पनि हावी भएकै हुन्छ । यसरी धेरै कलाकारले राजनीतिक दलको युद्ध नै जिताइदिएका छन् । नजिकिँदै गरेको स्थानीय निकायको चुनावमा पनि कुन पार्टीले कस्ता कस्ता कलाकारलाई प्रयोग गर्ने हुन् ? उनीहरूले जित हासिल गरेपछि ती कलाकारलाई सम्मान गर्छन् कि अपमान ? भोली फेरी त्यो कलाकारको अस्तित्व स्वीकार्छन् की स्वीकार्दैनन् ?

कलाकारलाई राजनीतिले किन आकर्षित गरिरहेको छ भन्नेमा धेरैको आ–आफ्नै धारणा हुन सक्छ । राजनीतिले मुलुक संचालनको लागि होस् वा मुलुकको नीति निर्माण गर्नका लागि होस् महत्वपूर्ण भूमिका खेलेको हुन्छ । राजनीति बिना देशका कुनै निकाय पनि नचल्ने भइसकेको छ । यो एकातिर सही देखिन्छ भने अर्कोतिर रोग नै भइसकेको छ । राजनीतिको रोगले मुलुकका हरेक निकायलाई छोएको छ । हामीले इतिहास पल्टाएर हेर्दा हुन्छ कलाकारितामा पनि राजनीतिले प्रयोग गरिरहेको मात्र पाएका छौं । कलाकार प्रयोग गरेर सत्ता कब्जा गर्न खोज्नेहरूले कलाकारितालाई सम्मान गर्न सकेका छैनन् । आफ्नो जित हासिल गर्ने भऱ्याङका रूपमा कलाकारलाई प्रयोग गरेको हिजोका दिनहरूले अब केही हदसम्म कलाकारलाई पनि सम्मान गर्नुपर्छ भन्नेतर्फ केन्द्रीत भएका छन् भने केही कलाकार राजनीतिमा खुलेर नै होमिएका छन् । कलाकारले पनि अब राजनीतिलाई प्रयोग गरेर सत्ता सञ्चालनमा आफ्नो सहभागिता जनाउन सक्ने केही देखिएका छन् ।

माओवादीको दश वर्षे जनयुद्धलाई नै हेर्ने हो भने कलाकारिताबाट धेरै जनतालाई आकर्षित गराएका थिए । सामना परिवार जस्तो सांस्कृतिक टोली बनाएर सर्वहारा वर्गको गीत भन्दै गाउँगाउँमा गाएर जनतालाई आफ्नो बशमा पार्न सफल भएका थिए । जीवन शर्मा, माइला लामा, खुशीराम पाख्रिन, मणि थापा, प्रदीप देवानजस्ता दर्जनौं कलाकारहरू माओवादी भूमिगतकालमा सांस्कृतिक युद्धमा होमिएका थिए ।

कांग्रेस होस् या एमाले आफ्ना हरेक राजनीतिक सभा, आन्दोलनमा कलाकार प्रयोग गरेर दर्शक तान्ने काम गरेकै हुन् । २०६२/६३ कै आन्दोलनलाई हेर्ने हो भने पनि कलाकारले आधा हिस्सा ओगोटेका थिए । तत्कालिन समयमा सडकमा दर्शकहरू जम्मा गरेर आन्दोलनको गतिलाई अगाडि लैजान बद्री पंगेनी, भगवान भण्डारी, राधिका हमाल, मनोज गजुरेल, रामेश रायन, रामजी नेपाली, नन्दकृष्ण जोशी, श्रवण मुकारूङ, रूविन गन्धर्व, अर्जुन पराजुली लगायतका दर्जनौं कलाकार, कविहरूले सडकलाई कब्जामा लिएर दर्शकको मनलाई उर्जावान बनाउँदै आन्दोलनको गति तीब्र बनाएका थिए । राजासँग राजनीतिक दलले गरेको युद्ध नै कलाकारले जितेका थिए भन्दा फरक पर्दैन । माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन र राजा फ्याँक्ने अभियानमा सात दलले गरेको यो आन्दोलन सफल हुनुका कारणमा कलाकार अग्रस्थानमा थिए ।

माओवादी शान्ति प्रक्रियामा आइसकेपछि आफ्नो स्वार्थलाई मध्यनजर गर्दै एकचोटी सयभन्दा बढी कलाकारहरू माओवादी प्रवेश गरे । फलतः पछि ती कलाकारहरू जुन पार्टीबाट माओवादीमा प्रवेश गरेका थिए पछि त्यही पार्टीमा फर्किएका इतिहास साक्षी छन् ।

पछिल्लो समयलाई हेर्ने हो भने राजनीतिमा होमिएका गायिका कोमल वली र नायिका रेखा थापा पनि चर्चाको शिखरमा नै रहे । उनीहरूले राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय सदस्यमा चुनाव जिते । अझ भनौं गायिका कोमल वलीले त बहुमत ल्याएर केन्द्रीय सदस्यमा जित हासिल गरिन् । सोही पार्टीमा गायिका ज्ञानु राना, गायक सञ्जय श्रेष्ठ, संगीतकार मिलन मोक्तान, निर्माता उद्धव पौडेल लगायत कलाकारहरू रहेका छन् ।

आफूलाई राजनीतिमा खुलेरै लागेको देखाउनेहरू पछिल्लो समय धेरै छन् । गायिका राधिका हमाल ०६२/६३ बाट खुलेरै नेपाली कांग्रेसको राजनीति गरेकी छन् । ०५५ सालबाट नै कांग्रेसको सदस्यता लिएर हिंडेकी गायिका हमाल पछिल्लो समय भने होलटाइमर जस्तै बनेर कांग्रेसको राजनीति गरेकी छन् । नेपाल सांस्कृतिक संघभित्र कोषाध्यक्ष जस्तो पदमा रहेर उनले राजनीतिमा आफूलाई सक्रिय देखाउँदै आएकी छन् भने अहिलेको स्थानीय निकायको चुनावमा पनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म चुनाव प्रचास प्रसारमा हिंड्ने भएकी छन् ।




कांग्रेसकै राजनीतिमा नीर शाह, विमलराज क्षेत्री, गणेश सुवेदी, दुर्गा रायमाझी, वीरबल ढकाल, रविन लामिछाने, शिव शंकर रिजाल, लोकराज अधिकारी लगायतका दर्जनौं कलाकारहरू चुनावमा सक्रिय रहेका छन् ।

त्यसैगरी गायक बद्री पंगेनी अहिले एमालेको राजनीतिमा सक्रिय देखिन्छन् । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका अध्यक्ष समेत रहेका पंगेनीले स्थानीय निकायको चुनावमा खुलेरै एमालेको राजनीतिमा साथ दिएका छन् । योभन्दा अघि पनि उनी एमालेभित्रै भए पनि खुलेर कमै देखिने गर्थे । मायाप्रेमसँगै प्रगतिशील गीत गाएर चर्चामा रहेका उनका 'लाउ चेली सिन्दुर लाउ'ले कुनैबेला युद्धका घाउ लागेकाहरूको मन जित्न सफल भएको थियो । यतिबेला भने बद्रीले मै पनि एमाले गीतबाट चुनावको प्रचार प्रसारमा सक्रिय भएका छन् । त्यस्तै दिनेश डीसी, अशोक राई, दुर्गा परियार, सूर्य थुलुङ, प्रजापति पराजुली, पुरूषोत्तम न्यौपाने, मनोज गजुरेल, भुवन केसी लगायत दर्जनौं कलाकार एमालेनिकट रहेर कलाकारितामा सक्रिय रहेका छन् ।

त्यसैगरी नेकपा माओवादी फुटसँगै कलाकार पनि भिन्न भिन्न भएका छन् । अहिले माओवादीभित्र खुशीराम पाख्रिन, जेबी टुहुरे, मौसमी मल्ल, सिर्जना बस्नेत, राजेन्द्र खड्गी, युवराज लामा, सुभाष गजुरेल, चेतन सापकोटा, रामचन्द्र काफ्ले, जुनु रिजाललगायतका दर्जनौं कलाकार माओवादीभित्र सक्रिय छन् ।

त्यसैगरी करिश्मा मानन्धर, सरोज खनाल, प्रकाश भट्ट, अशोक शर्मा केही कलाकार नयाँ शक्तितिर केन्द्रीत रहेका छन् भने राप्रपामा कोमल वली, रेखा थापा, प्रदीप कुमार उदय, ज्ञान् राणा, सञ्जय श्रेष्ठ लगायतका कलाकारहरू सक्रिय रहेका छन् ।

केही कलाकारहरू भने अहिले आफूलाई कताको हो भन्ने देखाउन चाहेका छैनन् । संगीतकार लक्ष्मण शेष माओवादी निकट हुन् । उनी बाबुरामका निकट भनेर धेरैले भनिरहँदा नयाँ शक्तिको सांस्कृतिक विभागमा सहसंयोजक पनि भनेर राखिएको देखिए पनि अहिले विचार र सिद्धान्त अनुरूप पार्टी भन्दा पनि संगीतकारको हकहितका लागि केही गर्नुपर्छ भनेर तटस्थ रहेको बताउँछन् । कम्युनिष्ट विचारधारामा केन्द्रीत रहेका शेष संगीतकार संघभन्दा माथि अहिले कुनै पार्टी छैन भनेर खटिरहेका छन् । त्यस्तै गायक विष्णु खत्री राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको अध्यक्ष पदमा उम्मेदवार दिँदा माओवादी निकट भनेर चर्चामा थिए तर नेपाल सांस्कृतिक संघको चुनाव हुन लाग्दा आफू जन्मजातै कांग्रेस भनेर उम्मेदवारी दिने सोचमा पुगेका थिए । यसो त धेरै कलाकारहरू कुन राजनीतिक दलको भनेर चिनिन चाहँदैनन् । जुन राजनीतिक दलले पारिश्रमिक दिएर गीत गाउन वा कला प्रस्तुत गर्न बोलाउँछन् आफ्नो प्रस्तुति दिएर फर्कन्छन् ।

स्थानीय निकायको चुनावमा अब कति कलाकारले कुन राजनीतिक दलको आश्वसन पाउने हुन्, पारिश्रमिकको त कुरै छैन ठूलो पदको लोभ देखाएर चुनावी माहौल तताउन कलाकारको प्रयोग र सदुपयोग पक्कै हुन्छ । चुनाव जितेपछि उनीहरूलाई राजनीतिक दलले कुन स्थान दिएर सम्मान गर्छ या अपमान ? कलाकार राष्ट्रका गहना हुन् भन्ने की विभूति हुन् ? गहना श्रृंगारका लागि लगाइन्छ तर कलाकार श्रृंगारिक भए पनि आवश्यक पर्दा लगाउने र आवश्यक नपर्दा फुकालेर राख्ने काम राजनीतिक दलबाट नहोस् । त्यस्तै कलाकारिताभित्र देखिएको समस्याको समाधान, गीतसंगीतभित्र सेन्सर बोर्ड, सम्मान भत्ता, रोयल्टी र कर असुलीसमेतको काम राजनीतिक दलबाट चुनिएका नेतृत्वले गर्न सकुन् । अधिकार सम्पन्न स्थानीय निकायबाटै कलाकारको अस्तित्व बचाउन लागि परून् ।

## मनिपालको 'तिम्रो मुस्कान'



काठमाडौं– धमाधम गीतहरू बजारमा आउने क्रम बढेको छ । अझ परवासबाट निकै गीतहरू सार्वजनिक भएको पाईन्छ । सोही क्रममा परदेशमा रहेर पनि नेपाली गीत संगीतमा निरन्तर अगाडि बढिरहेका गायक, संगीतकार तथा गीतकार मनिपाल राईले 'तिम्रो मुस्कान' बोलको आधुनिक गीत सावृजनिक गरेका छन् ।

उनले पछिल्लो समय धमाधम आफ्ना गीतहरू बजारमा ल्याईरहेका छन् । उनी पछिल्लो समयमा निकै ब्यस्त तथा चर्चामा आउँन सफल भएका छन् ।  राईले केही समयअघि आफ्नै शब्द, संगीत र स्वरमा रहेको एल्बमेहरूका साथै भिडियोहरू पनि सार्वजनिक गरेका थिए ।

उनको 'तिम्रो मुस्कान'को म्युजिक भिडियोमा कलाकारहरू सुरज, मेका र चार्लीले शसक्त अभिनय गरेका छन् । निर्देशक सुन्दर लावतीको निर्देशनमा तयार भएको भिडियोमा फुर्वा दोर्जे तामाङको छायांकनमा मलेसियाको विभिन्न स्थानहरूमा कैद गरिएको छ । जसलाई अर्जुन पोखरेलले सम्पादन गरेका छन् ।

**प्रस्तोता समाज नेपालको अनुरोध**

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

**प्रस्तोता समाज नेपाल**
PERFORMERS SOCIETY OF NEPAL (PSN)
अनामनगर, काठमाडौं, फोन: ०१–४२४५७४२
इमेल: performersnepal@hotmail.com
वेभ: www.performersnepal.org.np

म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Fortnightly Magazine पाक्षिक

# "स्टुडियोमा पुगेपछि त चिच्याउन नै नपर्ने रहेछ"



रेडियो नेपालमा गीत गाउने बेलामा साथीहरू कोठामा जम्मा भएर चर्को स्वरमा गाउने गर्थ्यौं, गायिका गूरूङले पुरानो अतित सम्झिँदै भनिन् – 'स्टुडियोमा पुगेपछि त चिच्याउन नै नपर्ने रहेछ, धेरै सजिलो पनि हुँदोरहेछ । संगीतको एरेन्जअनुसार गाउन पाइँदोरहेछ के थाहा र, हामी त चिच्याएर नै गाउनुपर्ने होला देशभरि रेडियोमा पुग्ने स्वर पो त हो भनेर सोचेका थियौं ।'

सुमन पण्डित/म्यूजिक खबर


लोक तथा दोहोरी गीतको क्षेत्रमा हरिमाया गुरूङ भन्ने वित्तिकै मौलिकता पस्कने गायिकाको रूपमा परिचित छिन् । उनी गाउँको मौलिकताअनुसार गायनलाई प्राथमिकतामा राख्ने गर्छिन् । उनले गाएका गीतहरू गाउँले परिवेश, समाज अनुसार सुहाउँदो हुने गर्छ अर्थात् नेपाली माटो अनुसारको लोकलय उनीभित्र छ । गुरूङ भाषाका गीतहरू हुन् या ठाडो भाका वा गाउँलेको मुखमा झुन्डिने खालका शब्द र भाका भएको दोहोरी गीत हुन् उनका विशेषता हुन् भन्दा फरक पर्दैन । सरल शब्द, सरल भाकाभित्र उनको माधुर्य स्वरले अझ मिठास थपेको हुन्छ । गाउँको रोधीदेखि रेडियो नेपालको स्टुडियोसम्म उनका कर्णप्रिय स्वरहरूले गुन्जयमान बनाएको हुन्छ । त्यसो उनी गायिकाका मात्र नभएर गुरूङ चलचित्र वा नेपाली चलचित्रमा विभिन्न रोलमा अभिनय पनि गरेकी छन् । डाँडाकाँडा स्वामीको रूख सम्झे दुःख नसम्झे है सुख कुनै जमानाको चर्चित गीत हो । ६० को दशकमा चर्चाको शिखरमा रहेको यो गीतले तत्कालिन समय जति चर्चा कमाएको थियो अहिले पनि उत्तिकै सदाबहार बनेर उक्त गीत गुन्जिरहेको छ । त्यस्तै गोर्खा ताकुकोट अर्को हरिमायाको चर्चित गीत हो । करिब तीन दर्जन गीतमा स्वर दिइसकेकी गुरूङले दुई दर्जनभन्दा बढी गीत लेखन एवं भाका सिर्जना गरेकी छिन् । मौलिकतामा रमाउने गायिका हरिमाया नेपाली कला संस्कृतिलाई माथि ल्याउने काममा निकै नै तल्लिन छन् ।

२०६० सालमा रेडियो नेपालबाट स्वर परीक्षा पास गरेकी गायिका गुरूङ २०५६ सालदेखि नै रेडियो नेपालको भाषभाषीको कार्यक्रम फूलबारीमा गीत गाउँदै आएकी थिइन् । सोरठी, चु गोर्खा जिल्ला गुरूङ भाषाको गीत र कौडा गरी तीनवटा गीत गाएर स्वर परीक्षा पास गरेकी थिइन् । हाइस्कुलदेखि नै स्कुलको वार्षिक कार्यक्रम, बेलाबेलामा हुने सांस्कृतिक कार्यक्रम, गाउँको पूजाआजा र रोधी नै उनको पहिलो गायनको खुड्किलोमा पर्छ । गाउने र नाच्ने काममा उनी गाउँदेखि नै खप्पिस थिइन् । मनभरि कलाकार बन्ने रहर बोकेर हिंड्े पनि कलाकार कसरी भइन्छ भन्ने उनलाई थाहा थिएन । रेडियोमा बज्ने गीत सुनेपछि मनमा कौतुहलता जाग्थ्यो तर परिवारको साथ थिएन । हुर्केकी छोरी गीत गाउने भइ भने राम्रो हुँदैन । कलाकार बन्नु ठीक होइन भन्ने परिवारमा थियो तर उनीभित्र भने कलाकारिताको सोख धेरै थियो । गोर्खाको थालाजुङ–२ जन्मिएकी गायिका गुरूङका जन्मभूमि, ठाडो भाका, रूमाल भुइँमा खस्यो, गोर्खाली ठाडो भाकालगायतका दर्जनौं एल्बम बजारमा आएका छन् ।

गायिका गुरूङलाई यो क्षेत्रमा ल्याउने श्रेय भने गायक युक्त गुरूङलाई जान्छ । गायक गुरूङले रेडियो नेपालसम्म ल्याएर गीत गाउन सिकाए । रेडियोमा गीत गाउने अवसर प्रदान गरेका गुरूङको साथले हरिमाया गुरूङको परिचय उच्च बनाउनमा पनि ठूलो सहयोग पुगेको थियो । उनलाई सदैव सहयोग गर्ने साथी सावित्री गुरूङ र धादिङकी सीता गुरूङको नाम पनि अगाडि आउँछ । रेडियो नेपालमा गीत गाउने बेलामा साथीहरू कोठामा जम्मा भएर चर्को स्वरमा गाउने गर्थ्यौं, गायिका गूरूङले पुरानो अतित सम्झिँदै भनिन् – 'स्टुडियोमा पुगेपछि त चिच्याउन नै नपर्ने रहेछ, धेरै सजिलो पनि हुँदोरहेछ । संगीतको एरेन्जअनुसार गाउन पाइँदोरहेछ के थाहा र, हामी त चिच्याएर नै गाउनुपर्ने होला देशभरि रेडियोमा पुग्ने स्वर पो त हो भनेर सोचेका थियौं ।' भ्वाइस टेस्ट गर्दा देखेको माइकभन्दा रेकर्ड गर्नका लागि राखिएको माइक ठूलो हुँदो रहेछ, गीत रेकर्ड गर्ने बेला त्यो माइक देखेर नै डर लाग्यो, उनले अविश्मरणीय क्षण सुनाइन् ।

गीत रेकर्ड गरिसकेपछि सबैतिर गीत चर्चाको शिखरमा पुग्यो । पहिला पहिलाका गीत ठीकै चले पनि डाँडाकाँडा स्वामीको रूख र गोर्खा ताकुकोटपछि उनको परिवार पनि कान्छीको गीत बज्यो भनेर रेडियोको भोलुम बढाउने बनेका थिए । गाउँभरि खुशी हुन्थ्यो, गाउँको चेलीको गीत रेडियोमा बजेको छ भनेर । सुरूमा लोकदोहोरी प्रतियोगितामा भाग लिँदै आधा दर्जनभन्दा बढी स्थानमा प्रथम स्थान हासिल गरिसकेकी गायिका गुरूङले धेरै महोत्सवहरूमा पनि आफ्नो प्रस्तुति दिइसकेकी छन् ।

गायिका गुरूङ जसरी नेपाली मौलिक कला संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनमा दर्जनौं कार्यक्रमहरू आयोजनासमेत गरिसकेकी गायिका गुरूङ समाजसेवामा पनि उत्तिकै सक्रिय छन् । गायिका सीता गुरूङसँगको सहकार्यमा उनले विभिन्न जिल्लामा हेल्थ पोष्ट निर्माण गर्दै औषधी, उपचारलाई सुलभ बनाउन सक्रिय छिन् । नेपाली कल्चर जोगाउनकै लागि तल्लिन रहेकी गायिका गुरूङ गोरखा समाज सेवा केन्द्रको सदस्य हुँदै कोषाध्यक्ष, उपाध्यक्ष पदसम्म कार्यभार सम्हाल्दै आएकी छन् । गुरूङ कलाकार संघको संस्थापक कोषाध्यक्षसमेत रहेकी गायिका गुरूङ हाल उपाध्यक्ष पदमा क्रियाशील छन् । त्यस्तै थालाजुङ सामुदायिक विकास केन्द्रको पनि संस्थापक कोषाध्यक्ष हुन् । नेपाल सांगीतिक संघ, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, संगीत उद्योग संघ लगायतका थुप्रै संघसंस्थाहरूमा आजीवन सदस्यसमेत रहेकी गायिका गुरूङ सामाजिक क्रियाकलापमा पनि उत्तिकै सक्रिय रहँदै आएकी छन् । गीतसंगीतमै आफ्नो जीवन समर्पण गर्ने बाचासहित अघि बढेकी गायिका गुरूङ आफ्नो बाँच्ने आधार नै गीतसंगीत मात्र भएको बताउँछिन् ।















# सीमा शाह, गायिका



सीमा शाहको गायन यात्रा विद्यालय स्तरमा हुने सांस्कृतिक कार्यक्रमबाट सुरू भएको हो । त्यतिबेला गायकी अनुभव मात्र लिइनन्, प्रतिस्पर्धामा सँधैजसो प्रथम नै हुन्थिन् । विद्यालय स्तरमा स्टेजमा उत्कृष्ट प्रस्तुति दिएर पुरस्कृत नै हुँदै आएता पनि गायिकाको पहिचान भने उनले २०६० सालमा बनाइन् । विदेशी भूमी ब्रुनाईमा जन्मिएकी सिमा हाल ललितपुर जाउलाखेलकी स्थायी वासिन्दा हुन् । पहिलो पटक सिमाको आवाजमा रेकर्ड भएको कसरी बोलाउँ मायालु तिमीलाई बोलको गीतले नै उनलाई गायिकाको पहिचान दिलायो । राम भट्टराईको शब्द रत्न बहादुर खड्गीको सङ्गीत र सिमाको सुमधुर आवाजमा तयार भएको उक्त गीत साङ्गीतिक बजारमा सफल गीत मानिन्छ ।

'सीमा' र सिमा–२ बजारमा ल्याएकी सीमाले डेढ दर्जन बढी गीतहरूमा स्वर भरिसकेकी छिन् । सङ्गीतमा कुनै ठूलो सपना सजाएकी छैनन् उनले त्यसैले यो क्षेत्रबाट उनी सन्तुष्ट छिन् । सिमा गायन क्षेत्रकी एक विद्यार्थी पनि हुन् । डेढ वर्ष संगीता राणा प्रधानसँग, १ वर्ष रत्न बहादुर खड्गीसँग सङ्गीत सिकेकी सिमा हाल कर्ण बहादुर कार्कीसँग सङ्गीत शिक्षा लिइरहेकी छिन् । उनि भन्छिन् सिक्न धेरै वाँकी छ । सांगीतक क्षेत्र भनेको समुन्द्र भएको महसुस गर्छिन् ।

वर्ष १, अंक १३, २०७४ बैशाख १६

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Fortnightly Magazine पाक्षिक

## फिल्मी खबर

## चलचित्रमा 'तुइन'

म्यूजिकखबर । चलचित्र 'तुइन'को ट्रेलर रिलिज गरिएको छ । त्रिशुली नदि आसपास बसोबास गर्ने गोरखा र धादिङका वासिन्दाहरूले जीवन जिउन



नदी तर्नका लागि प्रयोग गर्न एक मात्र माध्यम 'तुइन' र उनीहरूको समस्यालाई यो चलचित्रले उठान गरेको छ ।

त्रिशुली नदी आसपास बसोबास गर्ने बासिन्दाको सपनालाई तूइनसँग जोडेर यो चलचित्रको कथा तयार पारिएको छ । केहि बर्ष पहिले स्कुल पढ्न जाँदा तूइन चुडिएर धेरै बालबालिकाले ज्यान गुमाउँदा एक्लै बाच्न सफल किशोर सुरजको वास्तविक कथालाई यो चलचित्रले उठान गर्छ ।

उत्सव थपलियाले निर्देशन गरेको यो चलचित्रमा सुरज थापाको साथमा पृषा श्रेष्ठ, परिच्छित विक्रम राणा, विशाल डोटेल, श्याम खड्का, चिराग थपलिया लगायतका कलाकारको अभिनय छ । चलचित्रलाई अमेरिकामा बस्दै आएकी एनआरएन सृजना उप्रेतीले निर्माण गरेकी हुन् ।

## अलविदा विनोद खन्ना

म्यूजिकखबर । भारतका चर्चित फिल्म अभिनेता विनोद खन्नाको ७० वर्षको उमेरमा बैशाख १४ गते बिहीवार निधन भएको छ । उनी लामो समयदेखि क्यान्सर रोगबाट पीडित थिए । केही समय अघिदेखि



गिरगाउँस्थित एचएन रिलायन्स फाउन्डेसन एन्ड रिसर्च सेन्टरमा उनको उपचार भैरहेको थियो ।

१ सय ४४ वटा चलचित्रमा काम गरेका खन्ना पन्जाबस्थित गुरदासपुरबाट भारतीय जनता पार्टीका सांसद थिए । उनलाई अन्तिम पटक सन् २०१५ मा शाहरूख खान-काजोल अभिनित चलचित्र 'दिलवाले' मा देखिएको थियो । सय भन्दाबढी बलीउड फिल्ममा अभिनय गरिसकेका उनी पत्नी कविता खन्ना छोराहरू राहुल, अक्षय र छोरीहरू श्रद्धा खन्नासँग बस्दै आएका थिए । उनी सन् १९७० देखि १९८० दशकमा बलिउडमा सबैभन्दा बढी खोजिने नायक समेत हुन् ।

उनले सन् १९९९ मा फिल्मफेयर लाइफटाइम अवार्ड, बेस्ट सपोर्टिङ एक्टर विधामा फिल्मफेयर अवार्ड र सन् २००७ मा जिसिने अवार्डको लाइफ टाइम अवार्ड पाएका थिए। करिअर राम्रो चलिरहेको समयमा उनी सन् १९८२ मा कामबाट ब्रेक लिएर उनका गुरु रनजीश ओशोको आश्रममा पुगेका थिए । त्यो समय उनले फिल्मी करिअर पूर्णतः छोडेका थिए । पाँच वर्षपछि उनले पुनः फिल्महरू साइन गर्न थाले र दुई फिल्म 'इन्साफ' र 'सत्यमेभ जयते' सुपरहिट भएको थियो ।

एकै छातामुनी

-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डबिङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम

शुभकामना मिडिया सोलुशन
पुतलीसडक, काठमाडौं ०१-४०१०५४५

# दृष्टिविहीनका लागि जुटे जिग्री-पाँडे

म्यूजिकखबर/सप्तरी



धुर्मुस-सुन्तली फाउण्डेशनमार्फत विदेशमा रहेका नेपालीहरूको सहयोगले एकीकृत बस्तीको निर्माण गरिरहेको अवस्थामा अब जिग्री पाँडे प्रतिष्ठान नेपालले पनि सप्तरीमा तीन दृष्टिबिहिन परिवारका लागि घर निर्माण कार्य सुरू गरेको छ ।

हाँस्य टेलिसिरियल 'भद्रगोल'का दुई चर्चित कलाकार अर्जुन घिमिरे (पाँडे) र कुमार कट्टेल (जिग्री)को पहलमा सप्तरीको गम्हरीया प्रवाहामा रहेका अतिबिपन्न तीन दृष्टिबिहिन परिवारका १७ सदस्यका लागि घर निर्माण सुरू गरेका हुन् । शनिबार घरको शिलान्यास गरिएको छ ।

शिलान्यास हाँस्य कलाकार तथा समाजसेविद्वय धुर्मुस-सुन्तली (सिताराम कट्टेल र कुञ्जना घिमिरे)ले गरेका हुन् । शिलान्यास गर्दै सिताराम कट्टेलले जिग्री पाँडे प्रतिष्ठानबाट राम्रो कार्यको सुरुवात भएको र सामाजिक कार्यमा आउने दुःखहरूबाट हरेश नखाई निरन्तर अघि बढ्न सल्लाह दिएका थिए ।

उनले भने, 'काम गर्न निकै चुनौतिपुर्ण छ । धेरै बाधाअर्चन खेपनुपर्छ । यी कुराहरूलाई मनन् गर्दै काममा अघि बढ्नु । काम गर्दै जाँदा भोली कसैले पनि प्रश्न उठाउने वातावरण सिर्जना नगर्नु । किनकी मैले तीन/तीन वाट वस्ती निर्माण गर्दा भोगेको छ ।'

सितारामले उक्त गाउँका दृष्टिबिहिनहरूसँग त्यहाँको अवस्था बारे बुझ्दै भने, 'यहाँको परि स्थिती देख्दा मन थाम्न सकिएन । दर्दनाक पिडा बोकेको यो परिवारलाई उद्दार गर्न लागेका मेरा भाई चेलाहरू तथा जिग्री पाँडे प्रतिष्ठानलाई मेरो तर्फबाट हर किसिमको सहयो हुने छ भन्दै आशिर्वाद दिए ।

त्यहाँको परिस्थिती बारे जिग्री पाँडेले बिगत केही महिना अघि कान्तिपुर राष्ट्रिय दैनिकमा यी दृष्टिबिहिनहरूको समाचार पढेपछि आँफूहरूलाई सहयोग गर्ने इच्छा भएर राजविराजमै आएको जिग्रि पाँडे प्रतिष्ठानका कोषाध्यक्ष अर्जुन घिमिरे (पाँडे)ले जानकारी दिए । उनले भने, 'हामी दृष्टिबिहिन परिवारका लागी लत्ताकपडाहरू सहयोग गरौं भनेर यहाँ आएका थियौं तर, यहाँ आईसकेपछि उहाँहरूलाई आवासको पनि समस्या रहेछ त्यो देखेपछि हामीले घर बनाईदिने योजना गरेका हौं ।'

करिब ३० लाख लगानीमा बन्न लागेको ३ घरका लागि देश तथा विदेशबाट अहिलेसम्म करिब १५ लाख सहयोग जम्मा भइसकेको र अझै करिब १५ लाख सहयोग जुट्न बाँकी रहेकोले सहयोगी मनहरूलाई सहयोग गरिदिनका लागी प्रतिष्ठानका अध्यक्ष कुमार कट्टेल (जिग्री)ले अनुरोध गरेका छन् ।

उनीहरूले १५ लाखमा तीन घर निर्माण गर्ने र बाँकी १५ लाखले उनीहरूको स्वस्थ्य उपचार तथा शिक्षामा खर्च गर्ने बताएका छन् । यो अभियानमा जिग्री पाँडे प्रतिष्ठान नेपालसँगै सप्तरी युथ नेपालले र युवा अभियन्ता रमेश प्रसाद शाहपनि सँगै सहयोगमा जुटेका छन् ।

# गुरु चेलाको भीडन्त



जेठ १९ गते गुरु चेलाका चलचित्र भीडन्त हुने भएको छ । कमेडी स्टार वील्सन विक्रम राई तथा निर्देशक सुरज सुब्बा नाल्बो र उनका भाई निकेश लिम्बुले संयूक्त रूपमा मिलेर निर्माण गरेको रातो घर र निर्देशक सुरज सुब्बाका चेला अराज केशवको निर्देशनमा बनेको जालो एकै दिन भिड्ने भएको छ । जालो विश्व ईतिहासमै वान सट फिल्मका रूपमा निर्माण गरिएको नेपाली चलचित्र हो भने रातो घर कालो काम गर्नेको सेतो कथाका रूपमा प्रस्तुत भइरहेको छ ।

वील्सन सहित न्यू जेनेरेशनका स्टारहरू मेनुका प्रधान, संयम पुरी, गौरव पहारी, अनुराग मान सिंह कुँवर, भानु प्रताप ढकाल, श्याम राई, तथा फाईट मास्टर रोशन श्रेष्ठका छोरा विकेश श्रेष्ठ, उपसना नेम्वाङ फिल्मका मुख्य कलाकार हुन् । विश्व प्यापी प्रर्दशन समेत सकेर लगानी उठाईसकेको रातो घरको बिषयमा मार्केटमा राम्रो रिभ्यू आएको छ । राजधानीमा 'रातो घर' युनिटले प्रेसमिट गरेर आफ्नो गीतको ट्रेलर सार्वजनिक गर्दै चलचित्रलाई विदेशमा रहने नेपालीहरूले मन पराइसकेको हुँदा नेपालमा प्रदर्शन गर्न लागिएको बताएका छन् । कार्यक्रममा अभिनेता सुनील थापाले दर्शक सम्बोधन गर्दै मिडिया सामु कन्फिडेन्टका साथ भनेका छन् 'यो फिल्म अत्यन्त राम्रो बनेको छ । यदि हजुरहरूलाई यो फिल्म राम्रो लागेन भने मलाई गाली गरे हुन्छ ।'

त्यस्तै विल्सनले चलचित्र उद्योगबाट आफूले धेरै लिएको तर पहिलो पटक उद्योग र आफ्ना दर्शकका लागि रातो घर लिएर आएको बताए । यस्तै बितरक गोपाल कायस्थले भने- चलचित्र अघिल्लो वर्ष नै रिलिज हुनुपर्ने हो तर बासी भए पनि दर्शकले मनपराइदिनुहुनेछ भन्ने आशा लिएको छु ।

सोसल ड्रामा 'रातो घर'को झकास झापाली आइटम गीत चलचित्र प्रदर्शनमा आउनु अगावै चर्चामा छ । महेश खड्काको शब्द र संगीतमा रहेको यो गीतलाई शशि रावलले स्वर दिएकी छन् । झापामा सुट गरिएको फिल्ममा युवाहरूको अपराधीकरण चित्रण गरिएको छ । बेलायत, अमेरिका लगायतका मुलुकमा प्रिमियर भैसकेको सिनेमाले पब्लिसिटी थालेको हो ।

# 'छक्का पन्जा-२' को छायांकन सुरु



गतबर्षको ब्लकबस्टर चलचित्र छक्का पन्जाको दोस्रो सिक्वेल 'छक्का पञ्जा-२' को छायांकन सुरू भएको छ । भक्तपुरको सूर्यविनायक मन्दिरमा पुजा गर्दै चलचित्रको शुभमुहुर्त सर्ट खिचिएको हो । साथमा, मन्दिरमै दृश्य खिचेर यसको छायांकन पनि प्रारम्भ भएको छ ।

दीपाश्री निरौलाको निर्देशनमा बन्न लागेको यो चलचित्रका कार्यकारी निर्माता विकास आचार्य हुन् । चलचित्रमा विकास आचार्य र सामिप्यराज तिमिल्सिनाको कथा छ । पटकथा तथा संवाद भने दीपकराज गिरी, केदार घिमिरे, जितु नेपाल र अभिमन्यू निरवीले लेखेका छन् । यो चलचित्रमा दीपकराज गिरी, जितु नेपाल, शिवहरी पौडेल, केदार घिमिरे, किरण केसी, प्रियंका कार्की, बर्षा राउतको साथमा स्वस्तिमा खड्का र स्वरूप पुरुष ढकालको मुख्य भूमिका छ । स्वस्तिमा र स्वरूपको दृश्य खिच्दै चलचित्रको छायांकन सुरु गरिएको हो । यो चलचित्रको छायांकन काठमाण्डौसँगै चित्लाङमा गरिनेछ । शुभमुहुर्तमा मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले क्ल्याप ठोकेका थिए । किरण केसीले भने नरिबल फोडेका थिए ।

निर्देशक दीपाश्री निरौलाले यसपटकको कथा झनै उत्कृष्ट भएको भन्दै दर्शकले 'छक्का पन्जा' भन्दा बढी माया गर्ने बताइन् । करिब ४० दिन लगाएर चलचित्रको छायांकन गरिनेछ । दीपक(दीपाको प्रस्तुतीमा तयार हुन लागेको यो चलचित्रमा जीतु नेपाल, माग्ने बुढो डट कम, ताराचन्द्र चापागाँई, सुमन गिरीको लगानी रहनेछ ।

गतबर्ष रिलिज भएको चलचित्र 'छक्का पन्जा'ले १५ करोड माथिको ग्रस कलेक्शन गरेको थियो । यो चलचित्र असोज ११ गतेबाट रिलिज हुनेछ ।

म्यूजिक खबर र

वर्ष १, अंक १३, २०७४ वैशाख



# राम्रा भन्दा पनि अश्लिलतालाई प्राथमिकता दिइन्छ



आनन्द कार्की, गायक

*जस्तो नाम त्यस्तै काम आनन्द कार्की । सोलुखुम्बुको दिङ्ला गाउँमा जन्मिनुभएका गायक आनन्द कार्की नेपाली सांगीतिक आकाशमा एक अब्बल स्तम्भ नै हुन् । हिन्दी गीतका लागि पनि ख्याति कमाएका जादुमयी स्वरका धनी गायक जे गाउँछन् खुलेर गाउँछन् र सबै विधाका गीतमा उतिकै आनन्द महशुस गर्दछन् र प्रशंसा पनि बेजोड पाउँछन् । इण्डियन आर्मीमा जागिरे बुबासँग ६ वर्षको उमेरमा लखनउ जानुभएका कार्कीले त्यहीँ नै औपचारिक शिक्षा समेत लिनुभएको हो । लखनउमै संगीतको विषारदसम्मको शिक्षा लिनुभएका कार्कीले इन्टरमिडियटसम्मको अध्ययन पनि उतै गर्नुभएको हो । शास्त्रीय संगीतको शिक्षा लिएँसँगै उहाँले विभिन्न हिन्दी तथा नेपाली गीतमा स्वर दिन थाल्नुभयो । लखनउको भातखण्डे संगीत महाविद्यालयमा संगीत शिक्षा लिनुभएका कार्कीले मुम्बईमा पनि संगीतको शिक्षा लिनुभएको छ । ०४२ सालमा नै उनले रेडियो नेपालबाट स्वर परीक्षा पास गर्नुभएका कार्कीले सोही समयमा नै शक्ति बल्लभको संगीतमा 'जीवनमा धेरै खोला तर्नु छ' बोलको गीत पहिलो पटक प्रकाशनमा ल्याउनुभएको थियो । सन् १९९९ मा लन्डनमा भएको इन्टरनेशनल सारेगम अन्तरीक्षको उपाधिसमेत हात पार्न सफल कार्कीले छिन्नलता पुरस्कार १९९७ र २००९, प्रबल गोर्खा दक्षिण बाहु जस्ता दर्जनौं पुरस्कार एवं म्यूजिक अवार्डसमेत चुमिसक्नुभएको छ । नेपाली सांगीतिक दुनियाँमा करिब ३ दशक समर्पित गर्नुभएका कार्कीले करिब ३ हजारभन्दा बढी गीतमा आफ्नो स्वर दिइसकेका छन् । केही समयअघि मात्रै १५ औं एल्बम 'लभ फरवेर' ल्याउनुभएका लोकप्रिय अनि सदाबहार गायक आनन्द कार्कीसँग सविता पोखरेलले गरेको कुराकानी :*

***तपाईंका अधिकांश अग्रजदेखि लिएर सहकर्मीहरु स्थापित भइकन पनि अमेरिका पलायन भइसके नि ?***

कलाकारलाई मात्र नभै हरेक व्यक्ति विदेशिनु भनेको जीविकोपार्जन सहजका लागि नै हो । यदि आफ्नो कर्म गरेर आफ्नै देशमा बाँच्न सक्ने वातावरण भैदिए कसैलाई पनि विदेशिने रहर हुँदैन थियो । स्थापित कलाकारको हकमा भने, उसको सृजनाको क्रेज हुने तर त्यसको प्रतिफल नपाउने हुँदा स्टारडम जोगाउन नसकेकाले र आफू र आफ्नो परिवार बचाउनकै लागि बाध्य भएर विदेशिनु भएको हो ।

***भनेपछि संगीतक्षेत्रमा लागेर बाँच्न सकिदैन ?***

अत्यन्त ठूलो महात्वाकांक्षा नहुने हो भने अहिले बाँच्न मात्र चाहिं सकिन्छ । पहिलेको दाँजोमा अहिले केहि सहज नै छ । विश्वभरि नै नेपालीहरू फैलिएर रहनु भएको हुनाले अवश्य पनि नेपाली संगीत बजार पनि फैलिएको छ । नेपाली संगीतको माग विश्वभरि नै भइरहेको छ । जति ठूलो बजार भयो त्यति नै कलाकारलाई फाइदा हुने भएकाले अहिले संगीत क्षेत्रमा समर्पित भएर बाँच्न सकिन्छ । तर महत्वाकांक्षी हुनु भएन । हाइ स्टान्डरको अपेक्षा गर्नुभएन ।

***तपाईंलाई डलरमोहले कहिल्यै पनि छोएन ?***

सायद मप्रति महत्वाकांक्षा नभएरै होला मलाई अमेरिका अनि डलरमोहले कहिले पनि छोएन । ठूला ठूला महात्वाकांक्षाले गाँजेको भए म पनि अहिले बाल्टिमोरको कुनै सपिङ सेन्टरमै हुन्थें होला । मलाई नेपालमै संगीतकर्म गरेर आत्म सम्मानका साथ हात मुख जोर्ऱ्न पुगेकै छ । मेरो सबै दैनिकी संगीतकर्मबाट नै टरेको छ । भने मैले किन डलरमोह गर्ने ।

***संगीत क्षेत्रमा कसरी प्रवेश गर्नुभयो ?***

बच्चा देखि नै मेरो रूची गीत गाउनमै थियो । स्कुलमा आयोजित ट्यालेन्ट सो कार्यक्रममा कसैले नाचेर, कसैले गाएर, त कसैले कविता वाचन गरेर आफ्नो प्रतिभा देखाउँदा म पनि गीत गाएर आफ्नो प्रतिभा देखाउने गर्थे । किशोर कुमारको गीत गाउँदा साथीहरू तथा गुरूवर्ग सबैको वाही वाही पाएको थिएँ । यसले मलाई प्रोत्साहन मिल्यो अनि मैले निरन्तर गीत गाउन थालें । यो देखेर दाईले मलाई सिकेर गाउन सुझाव दिनुभयो । पढ्दै बढ्दै जाँदा मैले म्यूजिक पनि सिक्न थालें । प्रोगाममा सहभागी हुँदै गए, अनि १५ वर्षको उमेरमा प्रोगाम लिएर काठमाडौं आएँ । फेरि १७ वर्षको उमेरमा एक महिने प्रोगाममा मैले पनि प्रस्तुति दिएँ । त्यसपछि एभरेस्ट सेराटन होटलमा गजलको लागि भ्याकेन्सी आउट गरेको रहेछ, मैले आवेदन दिएँ त्यसमा म सेलेक्ट भएँछु । एव वर्षको लागि हेरौं के हुन्छ अनि सोचौंला भनेर सुरू गरेको जागिरलाई मैले निरन्तरता दिएँ । आफ्नै देशमा बसेर आफूले जानेको काम गर्न इण्डिया फर्केर जान मन लागेन ।

***भर्सटायल गायक हुनुहुन्छ कस्ता गीत गाउँदा आनन्द महशुस गर्नुहुन्छ ?***

हेर्नुहोस् मेरो चिनारी नै गायक हो । यसर्थ शब्द तथा संगीत राम्रो हुनुपर्छ सबै किसिमका गीत गाउँदा मलाई सहज र आनन्दको अनुभव हुन्छ । सुरूवातमा गजल गाउन केहि असहज हुन्थ्यो तर विस्तारै त्यो पनि रहेन । सबै गीत संगीतमा रमाउन सक्छु म ।

***अहिलेका गीत संगीत सदाबहार बन्न नसक्नुको कारण ?***

त्यो समयमा पनि मलाई यस्तै प्रश्नहरू आउँथे । अहिले पनि त्यहि प्रश्न नै आउँछन् । यसर्थ श्रोता सँधै यो भन्दा पनि राम्रो गीतको अपेक्षा र प्रतिक्षामा हुन्छन् भने हामी सर्जक त झन् सन्तुष्ट हुने कुरै भएन । यो भन्दा राम्रो कहिले गरिएला भनेर नै लागिपरिरहेका हुन्छौं । एक्स्ट्रा केहि दिन नसकेपछि खै त खै त भन्नु कुनै नयाँ कुरा होइन । अनि पहिलेका गीत सुन्न बनाइएका हुन्थे, यसर्थ कर्णप्रिय हुन्थे । अहिलेका गीत सुन्न भन्दा बढी हेर्नका लागि बनाइएका हुन्छन् यसर्थ यहाँ गीत राम्रो भन्दा पनि भिडियो भल्गर बनाउनमा लालयित हुन्छन् । गुन्यु चोलो लाएर राम्रो अभिनय गरेको गीत भन्दा देखाउन मिल्ने भन्दा बढी अंग प्रदर्शन गरेर ६ दिनमा ६ लाख बढीले हेरिएको प्रचार प्रसार गरिन्छ । यस्ता भल्गर गीतहरूले राम्रा सृजनाहरूलाई प्रभाव पारिरहेका छन् । यद्यपी यो सबैमा लागु भने हुँदैन । अहिले पनि राम्रा गीत संगीत भने नभएका होइनन् । तर यहाँ राम्रा भन्दा पनि अश्लिलतालाई प्राथमिकता दिइन्छ अनि कसरी हुन्छ त अहिलेको गीत सदाबहार ?

***यसको जिम्मेवारी कसले लिने त ?***

यसको जिम्मेवारी हामी सबै कलाकार तथा पत्रकार साथीहरूले लिने हो । कलाकारले सँधै राम्रो सृजना मात्र प्रस्तुत गरौं अनि पत्रकार साथीहरूले पनि सँधै राम्रो गीत संगीतलाई ठाउँ दिने गरौं । मिडियामा गीत जति बज्यो, त्यति श्रोताले सुन्ने हो, मन पराइने हो, यसर्थ दुई चार पैसाको प्रलोभनमा राम्रा सृजनालाई मारेर विकृति भित्र्याउने गीतलाई प्रोत्साहन नगरौं । सौखिन सर्जकलाई प्रोत्साहन नदिउँ, गीत निकाल्न पैसाले हैन स्वर राम्रो हुनुपर्छ भन्ने बुझाई सबैमा हुनुपऱ्यो । टेलिभिजन, एफ.एम. रेडियोहरू सयौं छन् सबैलाई गीत चाहिएको छ । अनि कला होस् कि नहोस् सबैलाई कलाकार बन्नुपरेको पनि छ । सबैभन्दा बढी कलाकार भएको देश नै नेपाल भइसकेको छ । अनि यो भिडमा एक्स्ट्रा गर्ने र राम्रो गर्नेलाई प्रोत्साहन दिइएन भने नेपाली संगीत क्षेत्र विकृतिको दलदलमा अझ फस्नेछ । एउटा गायक, गायिका तथा संगीतकारसँग अहिले एकसाथ दशौं प्रोजेक्ट हुन्छ अनि कसरी उसले नयाँ गरोस्, कसरी उसले राम्रोको लागि सोचोस् । उसले त बस् काम सक्नु लाई नै आफ्नो जिम्मेवारी सम्झन्छ । राम्रो नराम्रोको सरोकार नै रहँदैन ।

***यो नेम अनि फेमबाट सन्तुष्ट त हुनुहोला नि ?***

आनन्द कार्की भनेर सबैले चिन्नुहुन्छ । माया गर्नुहुन्छ । आदर गर्नुहुन्छ । यो अर्थमा साह्रै खुशी छु । हलिउड या बलिउड भैदिएको भए पो हामीले आर्थिक स्तरोन्नतीको अपेक्षा गर्नु । यहाँ त नाम कमाउनु नै गौरवको कुरा हो । हामी कलाकार कलाबाट भरिपूर्ण त कहिले पनि हँदैनौं । प्रत्येक दिन हामी विद्यार्थी नै हुन्छौं ।

***हलिउड/बलिउडको कुरा गर्नुभयो, अनि किन आउनुभयो त बलिउडको ठूलो बजार छाडेर ?***

सर्वप्रथम म नेपाली हुँ अनि मात्र कलाकार हुँ भन्ने भावनाले म इण्डियामा बस्न सकिनँ । इण्डियामा प्लेटफर्म बनिसकेको अवस्थामा पनि मलाई आफ्नै देश प्यारो लाग्यो, आफ्नै देशको गीतसंगीतको माया लाग्यो । अनि मैले इण्डिया छाडेर नेपाल रोजें । उता उदिदनारायण झाले भने नेपाल छाडेर इण्डिया रोज्नुभयो । यस्तो परिवेश र अहिलेको देशको स्थिति हेर्दा मैले गलत गरेंछु भन्ने लाग्छ । पछि बुद्धि आएर केहि हुँदैन रहेछ । यसो भन्दैमा गल्ती गरें म सकिएँ, वर्वाद भएँ भन्ने चाहिं होइन । मातृभूमिमा बस्न पाएको छु गाउन पाएको छु ठिकै छ ।

***नयाँ आउने पुस्तालाई के सुझाव दिनुहुन्छ ?***

यो फिल्डमा आउनलाई कम्तिमा दश घण्टा रियाज गर्नुपर्छ । संगीतमा पागल भएर आउनहोस् । क्रेजी भएर आउनहोस् । सौखिन, भएर देखासिकी गरेर पैसा छँदैछ गरिहालौं न भन्ने उद्धेश्यले नआउनुस् । राम्रो बुझेर संघर्ष गरेर मात्र गायकको स्थायी परिचय पाउन सकिन्छ । यो बुझेर आउनुहोस् । नारायण गोपालको फलो गर्नुहोस्, अन्जु पन्तको फलो गर्नुहोस् । अनि मात्र राम्रो कलाकारको छवी बनाउन सक्नु हुन्छ ।

## गुरुङको ममता सार्वजनिक




म्यूजिकखबर । गायिका ममता गुरूङको 'ममता' सार्वजनिक भएको छ । राजधानीमा बुधबार एक कार्यक्रमको आयोजनागरि उक्त एल्वम सार्वजनिक भएको हो । वरिष्ठ गीतकार डा. कृष्णहरि बराल र बरिष्ठ गायिका संगीता रानाको मुख्य आतिथ्यमा सार्वजिनक छ । मातातिर्थ औसिको अवसरमा गायिकाकी आमा मायादेवी गुरूङ र बुबा हितमान गुरूङले एल्वमलाई विमोचन गरेका हुन् ।

देश बाहिर बस्दै आएकी ममताको यो डेब्यु एल्वम हो । एल्वममा 'नबोलाऊ मलाई मायालु भनि...', 'जीवन मेरो त्यहीँ...', 'हावासरि चञ्चले मन...', 'अल्लारे मन यो मेरो....' र पर्दा खोलेर जस्ता गीत समावेश गरिएको छ । एल्वममा भएका गीतमा इन्द्र आरपी, ताराप्रकाश लिम्बु, देवा गुरूङ, कालिप्रसाद बास्कोटा र सुरेश मानन्धरको सङ्गीत रहेको छ भने ममता गुरूङ, शशीथापा सुव्वा, कालिप्रसाद बास्कोटा र केबी गुरूङको शब्द रहेको छ ।

सञ्चारकर्मी गीत अधिकारीले सञ्चालन गरेको एल्वम सार्वजनिक कार्यक्रममा विदेशमा बसेर पनि नेपाली गीत/संगीतमा उनले पुऱ्याएको योगदानको कदर गर्नु पर्ने भन्दै स्वरमा मिठास रहेको डा. कृष्णहरि बराले बताए । त्यस्तै संगीता रानाले एल्वममा रहेका गीतले आफ्नो मन छोएको भन्दै नेपाली गीत/संगीतमा सम्भावना भएकी गायिका ममता हुन भनिन् ।

म नेपाली गीत संगीतको विद्यार्थी हुँ अझै सिक्ने क्रममा छु तर पनि मेरा गीतले राम्रो चर्चा पाउँदा खुशी लाग्ने गायिका ममताले बताइन् । 'गायिका ममताको बुबा भनेर चिनिन थालेको छु, एउटा बाबुलाई यो भन्दा खुशीको कुरा के हुन सक्छ र !' बुबा हितमानले भने । गीतका भिडियोहरू पनि छायाँकन भइसकेको र छिट्टै सार्वजनिक गरिने बताइएको छ । एल्वमलाई युथ क्रिएशनले बजारमा ल्याएको हो ।

म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Fortnightly Magazine पाक्षिक




# "संगीतको प्रेम झन् झन् गहिरो छ"

**सबिता पोखरेल/म्यूजिकखबर**

गीत संगीत भनेपछि भुतुक्कै हुने धनप्रसाद घमाल पेशाले सुनचाँदी व्यवसायी हुन् । दाङसिङ गाविस विरेठाँटी बजारमा २०२० सालमा जन्मिएका घमाल बाल्यवस्थामा गीत गुनगुनाउने गर्दथे । उनको बाँसुरी बजाउने कलाको त साथीहरूले तारिफ नै गर्दथे । समय परिवर्तनसँगै उनले बाँसुरी बजाउन त छाडिसकेका छन् तर संगीतको प्रेम झन् झन् गहिरो छ । प्रेमील भाव भएका र राष्ट्रभाव बोकेका गीतहरू जति सुने पनि अघाउँदैनन् ।

सानो छँदा रेडियो नेपालमा बज्ने गीतहरू सुन्दै, ब्याडमिन्टन र भलिबल खेल्दै हुर्केका घमाल यतिबेला काठमाडौंको सामाखुशीमा घमाल आचार्य सुनचाँदी सञ्चालन गर्दै आएका छन् । सुनचाँदी व्यवसायमा २०३६ सालदेखि जोडिएका घमाल यो पेशा पूर्ख्यौली व्यवसाय भएको बताउँछन् । व्यवसायका अलावा कुनै समय उनी राजनीतिमा पनि जोडिएका थिए । पूर्व राजा ज्ञानेन्द्रको शासनकालमा एमालेको क्षेत्रीय संगठन, मुक्ति समाजको इलाका सदस्य समेत रहेका थिए । राजाको निरकुंशता विरोध गर्दै आन्दोलनमा खुलेरै लागेका उनीसँग त्यतिबेला पुलिसको लाठी खाएको अनुभव पनि छ । देश र समाज परिवर्तनका लागि एमाले नै सर्वोत्तम पार्टी भन्दै राजनीतिमा होमिएका हुन् । उनले आफुले सकेको र जानेको जति योगदान एमालेलाई दिन कुनै कसर बाँकी राखेनन् । निकै वर्ष एमालेमा आवद्ध रहँदै पार्टी मार्फत समाजसेवामा होमिए । विडम्बना २०५८ सालमा मुक्ति समाजको सदस्यताका लागि आफूभन्दा कमजोर राजनीतिक पृष्ठभूमी भएकालाई पार्टीले सिफारिस गरेपछि राजनीतिबाट टाढा रहने सोच पलायो । सबैले भन्दै आएको 'राजनीति फोहोरी खेल' भन्ने भनाई वास्तविकता लाग्न थाल्यो । पैसाको चलखेल, स्वार्थको भरपुर प्रयोगबाट राजनीति चल्ने रहेछ भन्ने बुझेर यतिबेला राजनीतिबाट टाढा रहेको बताउँछन् ।

व्यवसाय र राजनीतिमा जोडिएका घमाल त्यसपछि राज्यको चौथो अंग पत्रकारितामा पनि जोडिन पुगे । २०५९ सालमा नेपालको पहिलो गहना सम्बन्धीको पत्रिका 'तिलहरी'को प्रकाशक रहेर उनले अलग कर्मक्षेत्रलाई आत्मसात गरे । निकै नै आकर्षक सेटिङ र डिजाइनमा निकालिएको 'पत्रिका'ले सुनका गहनाको विशेषता र डिजाइनलाई लक्षित गरेर प्रकाशित गरिएको थियो । पत्रिकाले राम्रो पहिचान र लोकप्रियता पायो । तथापि विविध कारणवश पत्रिका प्रकाशनमा ल्याउन किठनाइ पर्‍यो । अब फेरि प्रकाशनमा निरन्तरता दिने जमर्को गरिरहेका छन् ।

काठमाडौंको रानीबारीमा परिवारको साथमा बस्दै आएका घमालको ७ छोराछोरी र २ श्रीमती छन् । सुनचाँदी व्यवसायबाट नै घर व्यवहार चलाउँदै आएका उनका छोराछोरीले इन्जिनियर र नर्सको पढाई गरिरहेका छन् । पूर्ख्यौली पेशालाई थाम्दै आएका उनलाई छोराछोरीले पनि यो पेशालाई अंगालिदिए हुन्थ्यो भन्ने पनि लाग्छ, तर उनीहरूको रोजाईको पनि ख्याल राख्छन् । म मेरो कामबाट सन्तुष्ट छु, भोली उनीहरू पनि आफ्नो कामबाट सन्तुष्ट हुन् भन्ने चाहना हो ।

'यहाँ देशको छ चिन्ता' बोलको गीतले उनको मन मुटु र दिमागलाई एकसाथ छोएको छ । समय, सन्दर्भ र गीतका शब्दहरूमा समाञ्जस्यता भएको महसुस हुन्छ उनलाई । गीतले समाजको चित्रण गर्दछ त्यसैले सुन्ने गर्दछन् । संगीत सुनेपछि खुशीको अनुभव गर्ने उनका छोरा उपकार घमाल पनि चित्रकार र गायनमा पनि जोडिएका छन् जसले उनलाई खुशी बाबु बनाएको छ । छोरी पूजाको पनि संगीतप्रतिको लगाव गहिरो देखेका छन् उनले आगामी दिनमा यहि क्षेत्रबाट अगाडि बढिदियोस्, गर्न पर्ने साथ सहयोगमा कुनै कसर राख्दिन उनी भन्छन् । संगीत क्षेत्र र पत्रकारिता उनको सर्वोत्कृष्ट पेशा हो, त्यसैले छोराछोरीले यो प्रति चाहना गरे उनी जुनसुकै सहयोग गर्न तयार रहने बताउँछन् ।

# सर्वोत्कृष्ट गायक बनेका रामजी



**म्यूजिकखबर** । गायनमा संघर्ष गर्दागर्दै वैदेशिक रोजगारीको यात्रा तय गर्ने मनस्थितिमा पुगेका रामजी खाँड अन्नतः देउरालीको भट्टी पसल र पछ्यौरी लेउ बैनाले बोलको गीत गाएपछि एकाएक चर्चाको शिखरमा पुगे । भाग्यले कोल्टे फेरेपछि गायनको निरन्तरतामा उनको एकछत्र राज चल्दै गयो । आधुनिक शैलीमा फ्यूजन गरिएका लोक दोहोरी गीतहरू उनको स्वरमा धेरै रकेर्ड हुन थाले । त्यसपछि उनलाई पछाडि फर्के हेर्नु परेन । एकपछि अर्को गर्दै गीतले चल्न थालेपछि उनी देश विदेशमा हुने सांगीतिक कार्यक्रमहरूमा व्यस्त बन्दै आए भने स्टुडियोमा उनको स्वरमा गीत रेकर्ड गराउनेको पनि पालो कुर्नुपर्ने अवस्था सिर्जना भयो । त्यतिबेला उनलाई लाग्थ्यो सायद मेरो दिन बल्ल आएको रहेछ ।

अडियोको बजारमा हराउँदै जाँदा डिजिटल मार्केट सुरूवाततिर उनले गाएको गीत 'क्षितिजपारी' बोलको गीतले निकै सफलता पायो । त्यसो त्यो गीत गाइसकेपछि लोकदोहोरी बिगार्ने काम भयो भन्ने आरोप पनि उनीमाथि नआएको होइन तर लोकदोहोरीमा नयाँ ट्रेन्ड ल्याउन सफल भए । उनका गीतले सर्वाधिक सिआरबिटी, पिआरबिटी डाउनलोड गर्न सफल भए । तिमी राम्रो हाँसोले, छलछल पानी, मायालुको बोली, यो मार्मिक सन्देश, चिनो रूमाल, फिदा भयो मन, फूल फुलेर पहेंलै, आकाश जूनको जस्ता सयौं गीतहरू चर्चाको शिखरमा रहे ।

सधैं एउटै धारको गीत चलिरहेको बेला म अलगधारको गीत गाउँदै आएँ । मलाई चिन्ता थियो म सफल हुन्छु की हुन्न दर्शक स्रोताले मन पराउँछन् की पराउँदैनन्, चुनौति थियो मलाई । म फरकधारमा आउँदा सफल पनि भएँ । मेरो स्वर र गाएकी अनुसारको गीत बन्न थाल्यो । सबै मेरै धारमा बहुलाउन थाले । बजारले त्यस्तै माग्यो, पछिल्लो पुस्ताले त्यहि कपी गरे । अझ फरकधार बनाउन थाले । अहिले मौलिकता हराउँदै गाको छ, एक चोटी विग्रेको बजारलाई फेरी पहिलेकै अवस्थामा ल्याउन समय लाग्छ, रामजीले यथार्थता पोखे । उनका गीतले एकपछि अर्को सफलता प्राप्त गर्दै जाँदा उनलाई अवार्ड र सम्मानको पनि ओइरो लाग्न थाल्यो । विदेशमा हुने सांस्कृतिक कार्यक्रम होस् वा मुलुकमा हुने अवार्ड समारोह उनको लागि सम्मानको वर्षा हुने थलो बन्दै गयो । लोकदाहोरी अवार्ड होस् या विन्ध्यवासिनी म्यूजिक अवार्ड, म्यूजिक खबर म्यूजिक अवार्ड होस् या रापती म्यूजिक अवार्ड, इमेज अवार्ड होस् या कालिका म्यूजिक अवार्ड उनको हातमा निरन्तर परिरह्यो । एक दर्जनभन्दा बढी अवार्ड चुमिसकेका छन् उनले । वर्षैपिच्छे अवार्डको वर्षा हुन थालेपछि उनका गीत अझ राम्रा राम्रा सिर्जना हुँदै गए । सम्मानले खाँड जिन्दगीलाई खुशीको पथमा अगाडि बढायो । २०७३ चैत २८ गते सम्पन्न रापती नेशनल म्यूजिक अवार्डमा पनि उनी सर्वोत्कृष्ट लोकदोहोरी गायकको अवार्ड चुम्न सफल भए । दामी देखिन्छ्यौ बोलको गीतबाट अवार्ड उचालेका रामजी खाँडले केही समय पहिला मात्र कालिका म्यूजिक अवार्ड पनि चुम्न सफल भएका थिए । राष्ट्रियस्तरको गायकका रूपमा हिट हुनु, पपुलर हुनु वा चर्चा बटुल्नु उनका लागि सामान्य भयो ।









SCREENNEPAL #1 Nepali Entertainment Portal
STREETNEPAL.com total newsportal

# स्पट ब्वाइदेखि निर्देशकसम्म विक्रम



म्यूजिकखबर । आजभोलीको जमाना भनेको गीत सुन्नेको भन्दा पनि हेर्नेको बनेको छ । गीतलाई म्यूजिक भिडियो बनाइएन भने कसको गीत, कस्तो गीत भन्ने चलन बसिसकेको छ । आजभोलि दैनिकजसो दर्जनको हाराहारिमा म्यूजिक भिडियोको निर्माण भइरहेको हुन्छ । छायाँकार, निर्देशक, मोडलहरूको व्यस्तता देखेर नेपाली संगीत बजार किन आरोलोतर्फ लागेको होला भन्ने सोच्न सकिन्छ ।

पछिल्लो समयमा म्यूजिक भिडियोमा लगानी गर्नेहरू धेरै छन् । दिनहुँ निर्माण हुने म्यूजिक भिडियोहरूको संख्यामा निर्देशकहरूको ठूलो भिड पनि छ । यहि भिडमा छोटो समयमा परिचित निर्देशक बन्न सफल भएका छन्-बिक्रम चौहान । पछिल्लो समयमा म्यूजिक भिडियोमा निर्देशनमा उनको राम्रो छाप परेको छ । बिक्रम १ दिनमा प्राय २ वटा म्युजिक भिडियो निर्देशन गर्छन् । उनि अहिले पुरूष मोडल तथा डान्सर अफरलाई पनि स्विकार्दै आफै नाँच्छन्, आँफै मोडलिङ गर्ने गरेका छन् । यतिबेला उनको परिचय निर्देशक मात्र नभएर मोडल, डान्सर पनि थपिएको छ ।

सुदुरपश्चिमाञ्चलमा जन्मिएर काठमान्डौलाई कर्मथलो बनाउदै गरेका उनी अहिले सफल निर्देशक बन्न पुगेका छन् । १६ वर्षको उमेरमा काठमाडौं प्रवेश गरेका विक्रमको रहर भने नायक बन्ने थियो । तर काठमाडौंमा छिरेपछि आर्थिक अवस्था र अपरिचित समयले नायक बन्न दिएन । उनी स्पोट ब्याइ, मेकअप म्यान हुँदै द्वन्द्व निर्देशनतिर लागे । विस्तारै आफूलाई काठमाडौंको वातावरणमा घुलमिल बनाउँदै गएपछि कृष्ण फिल्म्समा नृत्य सिक्दै र सिकाउँदै गरेर आफूलाई म्यूजिक भिडियोमा नायक र निर्देशक बनाउन सफल भए । गीतहरूको म्युजिक भिडियोमा साइड डान्सरबाट काम गर्दै सिक्दै आएका उनी अहिले आफै प्रोडक्सन हाउस चलाएर बसेका छन् । पुतलीसडकमा रहेको बि. स्टार फिल्मस्‌बाट विक्रमले म्यूजिक भिडियो निर्माणको काम गर्दै आएका छन् ।


बिक्रम निकै मेहनेतका साथ यहाँसम्म पुगेको बताउँछन् । निर्देशक शंकर बि.सी.को डान्स सेन्टरमा डान्स सिक्दै अनि सिकाउँदै अगाडी बढेको र अहिले सफल निर्देशक तथा मोडल बनेका बिक्रम अहिले महिनामा ५० भन्दा बढी गीतहरू को सुटिङ्ग गर्छन् । दिनहुँ फरक फरक कालाकारहरूलाई अभिनय सिकाउने र नचाउने काम गरिरहेका छन् । उनले निकै नामचलेका स्थापित चर्चित डान्सरहरूलाई समेत नचाई सकेका छन् ।

पछिल्लो समय दर्शकहरूको रोजाइ अनुसारको म्यूजिक भिडियो बनाउनुपर्ने भएकाले विक्रम यो कुरालाई ध्यान दिएर निर्देशनमा अगाडि बढेका छन् । विक्रमले दुई वर्षको अवधिमा आधुनिक, लोकदोहोरी ,लोकपप र पप गरि करिब ५०० भन्दा बढी भिडियो निर्देशन र ६० वटा भन्दा बढी भिडियोमा अभिनयसमेत गरेका छन् । एक दर्जन नेपाली तथा भोजपुरी चलचित्रमा कोरियोग्राफरको भूमिका समेत निर्वाह गरिसकेका विक्रमले चलचित्र"टाइम नेभर कम ब्याक" मा नायकको भूमिकासमेत निर्वाह गरेका छन् । उनले निर्देशन गरेका गीतहरू ओके छ त, हावा सरर, साउदी मलेसिया, मादलु तालैमा, झम्के साझैमा, दुनियाँले तारिफ गर्ने, रातो गुन्यू चोली, तिम्रो माया जाल, बिर्सेको त छैन मैले लगायतका रहेका छन् ।

# क्षेत्रीको नमस्ते काठमाण्डु

म्यूजिकखबर । चलचित्र निर्देशक तथा सञ्चारकर्मी डब्बु क्षत्रीले नयाँ वर्षको अबसर पारेर पाठकलाई यस पटक कथाहरूको सँग्रह 'नमस्ते काठमाडौं' लिएर आएका छन् ।

कथा लेखनमा मुलधारमा आफ्नो परिचय बनाई सकेका क्षत्रीले नयाँ कथाहरूलाई सँग्रहको रूपमा पाठकमाझ ल्याउन लागेको बताएका छन् ।




दुई दशक भन्दा लामो समय देखि अखबारी पत्रकारितामा सक्रिए क्षत्रीको कथा सम्बन्धि यो पहिलो सँग्रह हो । यौन चपेटामा परेर पीडित भएका समाजका विभिन्न बर्गको कारूणिक पीडालाई कथामा बुनिएको पनि क्षत्रीको भनाईछ ।

यौन पीडामा पिल्सिएर पनि आफना पीडा लुकाएर बाँच्न विवस भएकाहरूलाई सँग्रहका कथाहरूले अन्याय बिरूद्ध लड्न र नयाँ प्राप्ति गर्न हौसला दिने पनि क्षत्रीको भनाई छ । प्रकाशनका लागि प्रेसमा गईसकेको यौन बिद्रोहको कथा सँग्रह 'नमस्ते काठमाडौं' २० बैशाखबाट पुस्तक पलसमा पाईने पनि कथाकार क्षत्रीले जानकारी गराएका छन् ।

सँग्रहमा १८ ओटा कथा छन् । डिमाई साईजको यो सँग्रह २ सय ४० पृष्ठको रहेको छ । यसको मूल्य ३ सय ५० रूपैयाँ रहेको पनि उनले जानकारी गराए । पुस्तकलाई शिखा बुक्सले प्रकाशन गरेको हो । पुस्तकलाई चाँडै नै भव्य समारोहबीच आधिकारिक रूपमा बिमोचन गरिने पनि कथाकार क्षत्रीले जानकारी गराए ।




# थीरलोचनको 'प्रश्नपत्र जिन्दगी'

**म्यूजिकखबर** । युवा कवि थीरलोचन श्रेष्ठद्वारा रचित कविता संग्रह 'प्रश्नपत्र जिन्दगी' काठमाडौंमा लोकार्पण गरिएको छ । संस्कृतिविद् तुससी दिवस, प्राज्ञ श्रवण मुकारूङ, समालोचक महेश पौड्याल तथा ऐश्वर्य प्रकाशनका प्रबन्ध निर्देशक गणेश प्रसाद जोशीद्वारा संयुक्त रूपमा उक्त संग्रह लोकार्पण गरिएको हो ।


समारोहमा समालोचक महेश पौड्यालले 'प्रश्नपत्र जिन्दगी' कविता संग्रहमा समावेश कविताहरूको समलोचना गरेका थिए । समालोचक पौड्यालले आधुनिक नेपाली कविताको धारका बारेमा समेत धारणा व्यक्त गर्दै आफ्नो 'प्रश्नपत्र जिन्दगीको' कविता संग्रहमा प्रेम र ग्रामीण बिम्बहरूलाई मुख्य विषय बनाइएको छ'- कवि थीरलोचनल आफ्नो धारणा प्रस्तुत गरेका थिए । 'उनको कवित्व रूमानी रफ्तारमा यात्रारत छ, समालोचक पौड्यालको भनाइ छ ।

उक्त कृतिका बारेमा बोल्दै प्राज्ञ श्रवण मुकारूङले श्रेष्ठको लेखाइमा आफ्नोपन रहेको बताए । 'लेखकहरूले स्थान विशेषमै गएर कविता लेख्न सक्नुपर्छ, त्यो क्षमता पनि यी कविमा देखेको छु, प्राज्ञ मुकारूङको भनाइ छ—'कवि भ्रममा बाँच्नु हुँदैन भन्ने कुरा यो कवितासंग्रहमा समावेश गरेका कविताहरूले दर्शाउँछन् ।'

संस्कृतिविद तुलसी दिवसले नेपाली कविता र समालोचनाको बारेमा आफ्नो धारणा व्यक्त गरेका थिए । 'साहित्य नभई समालोचना हुन सक्तैन, त्यसैले पहिलो सत्य साहित्य हो । त्यसपछि मात्रै समालोचनाको कुरा आउँछ, दिवसको भनाइ छ—'प्रस्तुत सङ्ग्रह भित्रका कविताहरूमा कविले कुनै तडकभडक नगरी सुन्दर रूपमा प्रस्तुत गरेका छन् ।'

समारोहका सभापति गणेशप्रसाद जोशीले कविलाई बधाई दिनुका साथै कृतिले सामाजिक विषय वस्तुलाई समेटेको कुरा बताएका थिए । उक्त सङ्ग्रहलाई ऐश्वर्य प्रकासनले बजारमा ल्याएको हो ।


# रसिकको एङ्ग्री बर्ड




म्यूजिकखबर । लेखक जितेन्द्र रसिकको अङ्ग्रेजी बालकथा सङ्ग्रह 'एङ्ग्री बर्ड' बजारमा आएको छ । सङ्ग्रहमा शीर्ष कथा 'एङ्ग्री वर्ड', 'फ्रेण्डसिप विथ रोवोर्ट', 'लाफिङ पेन एण्ड विपिङ कपी', 'कैले एण्ड सिँगौरी' लगायत ११ वटा कथा समेटिएका छन् । कथाहरूको चित्रांकन प्रज्वल थापाले गरेका छन् ।

बालबालिकाको मनोविज्ञान बुझेर आधुनिक समय अनुसारका कथाहरूआफूलेपस्किएकोकथाकार रसिकले बताएका छन् । 'बजारमा बालबालिकाका लागि नेपाली परिवेशका अंग्रेजी कथा त्यति देखिनँ', उनले भने, 'त्यो अभाव पूरा गर्न एङ्ग्री बर्ड ल्याएको हुँ ।' स्वदेश प्रकाशनले प्रकाशन गरेको ६४ पृष्ठको यो बालकथासङ्ग्रहको मूल्य एक सय रूपैयाँ राखिएको छ । केही समयअघि मात्रै 'लज्जावती' उपन्यास ल्याएका रसिकले बालकथा, गजल लगायतका कृति प्रकाशन गरिसकेका छन् । यो उनको सातौं कृति हो ।

व्यवसायिक हटलाइन ☎ ०१-४०१०५४५

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।

सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्क: ९८४१८७९१०५, ९८४१३४१३२२

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
विनोद बाजुराली, प्रबन्ध निर्देशक एवं एरेन्जर
मालश्री रेकर्डिङ स्टुडियो
फोन: ९८४११६२५२५

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्क: ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
झलक संगीतम्, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोन:९८४९१५५०९७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
बीबी अनुरागी
सङ्गीतकार तथा एरेन्जर
प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोन: ०१-४२६८६१४

# "प्रस्ताव धेरै आउँछन् तर मन चोर्ने युवक भेटेकी छैन"



सबिता पोखरेल/म्यूजिकखबर

अर्घाखाँची जिल्लाको सन्धीखर्कको सरस्वती श्रेष्ठ यतिबेला सांगीतिक क्षेत्रमा गायिका सहिमा श्रेष्ठको नामले चर्चित र लोकप्रिय बनेकी छिन् । सांगीतिक यात्राको शुरूवात सँगै सरस्वतीबाट सहिमा बनेकी उनी सानो छँदा नाँच्न र गाउन भनेपछि भुतुक्क हुन्थिन् । सांगीतिक पथमा ६ वर्षे यात्रा तय गरिरहेकी उनले २०० भन्दा बढीको संख्यामा गीत गाइसकेकी छिन् । साधना र मेहनतमा विश्वास गर्ने गायिका सहिमाले सांगीतिक यात्राको शुरूवाती दिनमा परिवारबाट सपोर्ट पाइनन् । छोरी राज्यको उच्च ओहोदा पुगोस् भन्ने चाहना थियो परिवारको । पढेर केही गर्न नसके बरू व्यापारीकी छोरी व्यापारी बनोस् तर कलाकारीताको बाटोमा नहिंड्दियोस्, परिवार चाहन्थ्यो । कलाकारीतालाई नै लक्ष्य र सपना बनाएकी सहिमाले गायिका तथा नायिका नै बन्ने लक्षण पनि सानैदेखि नै देखाएकी थिइन् । गाउँमा आयोजित सांस्कृतिक कार्यक्रम, देउसी भैलोका कार्यक्रममा समेत उनले सहभागिता जनाउने गर्दथिन् । तर उनको त्यो सपना र लक्ष्यलाई परिवारले पुरा गर्ने पक्षमा थिएन । कार्यक्रमका लागी जाँदा बिच बाटोबाटै दाजुहरूले जबरजस्ती खोसेर ल्याएको स्मरण पनि छ उनीसँग । कलाकारितामा लागेपछि छोरी/बहिनी बिग्रीने पो होकी भन्ने भय थियो उहाँहरूमा । तर यो यात्राका लागि दिदी मधु श्रेष्ठको साथ सहयोग भने शुरूदेखि अहिलेसम्म उतिकै रहेको बताउँछिन् । परिवारलाई कला क्षेत्र नराम्रो होइन भन्ने बुझाउन सहिमाको साथमा दिदीको मधुको साथ रहिरह्यो । उनलाई यतिबेला भने घरपरिवारको पनि उतिकै सपोर्ट रहेको छ । यो क्षेत्र नराम्रो होइन, यहाँ केही व्यक्तिहरू पो खराब रहेछन् रहेछन् भन्ने अहिले परिवारले राम्रोसँग बुझ्नु भएको छ । त्यसमा पनि दिदी मधु श्रेष्ठको सहयोगको त आफू ऋणी नै भएको बताउँछिन् । मर्ने बेलामा पनि संगीत र दिदी मधुको नाम नै जप्दै मर्नेछु होला ।

आकर्षक अनुहार, मिलेको जिउडाल र सुरीलो स्वरकी धनि सहिमाको संगीत त शरिरको रक्तसंचारमै प्रवाह भएको बताउँछिन् । २०६५, ६६ सालको 'खोजी प्रतिभा रियालीटि सो' बाट उत्कृष्ट ४ भएसँगै उनले गायनलाई पेशा बनाउन हिम्मत कसिन् । पहिलो सांगीतिक कोशेली स्वरूवप एल्बम 'सहिमा' आधुनिक गीतिसंग्रह सार्वजनिक गर्दै  क्रमसः गायनलाई अगाडी बढाउँन थालिन् । त्यसपछि 'मस्ति' र श्रृंगार निकाल्दै संगीतमा निरन्तरता दिंदै आएकी छिन् । नेपालको सांगीतिक पेरिफेरिमा महंगो रकम खर्च गरेर एल्बम निकालेर के गर्नु उपलब्धी शुन्य जस्तै छ । तर, देश तथा विदेशमा आयोजना हुने थुप्रै महोत्सव र मेलामा गाएर उनले खर्च निकालेको बताइन् । उनका एल्बमका धेरै जसो गीतहरूलाई दर्शक श्रोताले मन पराएका छन् । उनलाई 'हेरेको हेरेकै' बोलको गीतले सांगीतिक उचाई दिलायो । गायिका मात्रै नभएर उनले केहि म्यूजिक भिडियोमा मोडलिङ पनि गरेकी छिन् । तर सानोमा नायिका बन्ने सपना भएता पनि अब गायनमै रमाउन चाहन्छु, मोडलिङ त कथाको माग मात्र हो, मैले गाएको गितमा मलाई सुहाउने छ भने अवश्य मोडलिङ गर्ने छु -उनले भनिन् । हालसम्म तीन सोलो एल्बम र दर्जनौं नेपाली चलचित्रमा गाइसकेकी छन् । आधुनिक गीत गायनको संख्या पनि उनको नाममा धेरै छ । यतिबेला चौथो एल्बम 'स्वर्ग' को तयारी गरिरहेको सहिमाले बताइन् ।

क्वान्टिटी भन्दा पनि क्वालिटीमा विश्वास गर्ने सहिमा सांगीतिक क्षेत्रमा भने मिडियाबाट पाएको अपार साथले पनि यो क्षेत्रमा निरन्तर रहनलाई उर्जा मिलिरहेको बताउँछिन् । सानो काम गर्दा पनि मेरो चर्चा गरिदिनुहुन्छ जसले मलाई ठूलो सपोर्ट मिलेको छ । उसो त सांगीतिक धरातलका थुप्रै व्यक्तित्वहरूले पनि उनको कामलाई सहयोग गरिरहेका छन् । जसमा संगीतकार दिपक शर्माको साथ सहयोग पनि उतिकै मिलेको बताउँछिन् । सांगीतिक यात्राकै क्रममा जब दिपक शर्माको साथमा काम गर्न पाइन् तबबाट नै आफ्नो नाम चर्चित बन्दै गएको बताउँछिन् उनी । जसका कारण स्टेज कार्यक्रममा पनि व्यस्तता बढ्दो छ । सहिमा स्टेज प्रस्तुतिमा गायनसँगै नृत्य गर्नमा माहिर छिन् ।

आधुनिक गीतका अलावा पार्श्वगायनमा समेत चम्किँदै गरेकी सहिमाले फिल्म ' हवल्दार सुन्तली' को गीत 'तिम्रो डोला-डोला हातमा' हिट भएपछि स्टेज कार्यक्रममा व्यस्त हुन थालेको खुलाइन् । सहिमाले छोटो समयमै जापान, बेल्जियम, सिंगापुर, मलेसिया, दुबई, बहराइन, नेदरल्याण्डजस्ता दर्जनभन्दा बढी मुलुकमा आफ्नो प्रस्तुती दिइसकेकी छिन् । उनि भन्छिन्-'यसै वर्ष दर्जन मुलुकमा सांगीतिक प्रस्तुति दिएँ, सबै देशमा रहेको श्रोता तथा दर्शकबाट एकदमै राम्रो प्रतिक्रिया पाएँ,जसले मलाई थप हौसला र प्रेरणा मिलेको छ' । सहिमा विदेशका बाबजुद नेपालमा हुने कार्यक्रम र गीत रेकर्डिङ पनि व्यस्त छिन्

तीजको गीत, आधुनिक,लोकपप देखि ३ दर्जन फिल्मका गीतमा समेत आवाज भरिसकेकी सहिमाले थुप्रै अवार्ड र सम्मानहरू समेत प्राप्त गरेकी छिन् । 'हेरेको हेरेकै' बोलको गीतबाट म्यूजिक खबर म्यूजिक अवार्डमा नवगायिका तर्फको अवार्ड र 'तिम्रा डोला डोला' बोलको गीतले एलजी डिसिने अवार्डमा पार्श्व गायिकाको अवार्ड जितेकी छन् । त्यस्तै मस्ती एल्बमको 'मस्ती' बोलको गीतबाट म्यूजिक खबर म्यूजिक अवार्डमा पप गायन तर्फको अवार्ड उचालेकी उनका थुप्रै गीतहरू चर्चित छन् । तिम्रा डोला डोला, ढिकीच्याउँ ढिकीच्याउँ, तिमी किन ल्याङ ल्याङ, पिक्चर हिट लगायतका गीतहरू हिट छन् ।  आजसम्म प्रेममा नपरेकी सहिमालाई प्रेम प्रस्ताव भने धेरै आएका छन् । तर करिअरलाई नै अगाडि बढाउन चाहेकाले प्रेममा नपरेको उनको बुझाई छ । आइलभ यु भन्नेहरू त पलपलमा पाउँछिन् तर उनलाई आजसम्म कुनै पनि यूवकले तानेका छैनन् । आफुलाई माया गर्ने सम्पुर्ण श्रोताहरूलाई धन्यवाद दिंदै आफ्नै नामबाट युटुब च्यानल 'सहिमा श्रेष्ठ' लेखेर आफ्ना गीतहरू हेर्न आग्रह गर्छिन् । सहिमाले भनिन्- दर्शक श्रोताहरूले माया गर्नु भएको छ, श्रोताहरूको माया बिना हामी कलाकारलाई टिक्न गाह्रो हुन्छ । त्यसैले अझै धेरै माया गर्दिनु हुनेछ भन्ने आशा अनी अपेक्षा गरेकी छु ।





